रातो खबर
Ratokhabar weekly
साप्ताहिक
वर्ष ५, अङ्क २, पूर्णाङ्क १९७ | २०७६ असार ४ गते बुधबार | Wednesday, 19 June 2019 | www.eratokhabar.com | मूल्य रु. १०

## श्रेष्ठको निधनप्रति महासचिव विप्लवद्वारा श्रद्धाञ्जली




**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले पार्टीका निवर्तमान कोसी ब्युरो संयोजक घनश्याम श्रेष्ठ 'पुष्कर' का बुबा गिरिबहादुर श्रेष्ठको निधन भएकोमा श्रद्धाञ्जली व्यक्त गरेका छन् । लिखु गाउँपालिका ५ ओखलढुङ्गा निवासी ७४ वर्षीय श्रेष्ठको क्यान्सर रोगको उपचार गराउँदागराउँदै जेठ ३१ गते शुक्रबार काठमाडौँमा निधन भएको थियो । महासचिव विप्लवले वक्तव्यमा शोकाकुल पुष्करलगायत ... बाँकी पृष्ठ ७ मा

# सरकारको उल्टो यात्रा

## व्यापक जनदबाबपछि सरकारले फिर्ता लियो गुठी विधेयक

■ **रातो खबर संवाददाता**/काठमाडौं



२०१५ सालको आमनिर्वाचनपछि नेपाली काङ्ग्रेसको दुई तिहाइको शक्तिशाली सरकार बनेको थियो । पञ्चायती कालपछि २०४७ सालयता अनेक सरकार उदाए र अस्ताए तर दुईतिहाइ बहुमतको सरकार गठन भएको थिएन । स्थिर सरकारको अभाव नै राजनीतिक स्थिरता र विकासको बाधक रहेको अर्थ्याउँदै आइएको थियो ।

दुईतिहाइको बहुमतपछि कम्युनिस्ट सरकारको नारा दिइयो । चुनावमा जनताले त्यो नारालाई सकारात्मक रूपमा स्वीकार गरे र आशावादी भए । सहज बहुमत पनि प्रदान गरे । तर सरकारले सुरुदेखि नै जनताको आशा, कम्युनिस्ट आदर्श र आफ्नै चुनावी घोषणापत्रका विरुद्ध कामकारबाही गर्दै आएको देखिन्छ । कम्युनिस्ट नामको सरकार बन्नासाथ आमनागरिकको अपेक्षाविपरीत सन् १९५० को असमान तथा अपमानजनक सन्धिलगायत सन्धि तथा सम्झौताहरू खारेज गर्नुको सट्टा झन् माथिल्लो कर्णाली, अरुण तेस्रोलगायत अनेक राष्ट्रघाती सम्झौताहरू थोपरियो । हत्या, बलात्कार, महँगी, कालोबजारी, तस्करी, भ्रष्टाचार र नीतिगत भ्रष्टाचार आकासिए । पञ्चायती कालदेखि नेपालको स्वतन्त्र पहिचानका रूपमा असंलग्न परराष्ट्र नीतिमा विचलन आएको छ । नेपाललाई अमेरिकी सैन्य गुटमा धकेलिएको छ । यसको कारण राष्ट्रिय सुरक्षामा नै गम्भीर चुनौती पैदा भएको छ । यसैकारण सरकार सर्वत्र आलोचित भएको छ ।

सरकारले जनतन्त्रको मुद्दामा पनि नागरिक अपेक्षाका विरुद्ध अनेक निरङ्कुश हर्कत जारी राखेको छ । लोकतन्त्रको गहना भनेझैँ आलोचनाको स्वरलाई सम्मान गर्नु हो । तर आफ्ना राष्ट्रघाती, जनघाती, कदम रोक्न र मुख्यतः सामाजिक सञ्जाल, साना तथा मोफसलका सञ्चारको मुख थुन्ने बदनियतसहित सरकारले सदनमा प्रेस काउन्सिल मिडियासम्बन्धी विधेयक टेबुल गरेको छ जसले सञ्चारको क्षेत्रमा आलोचनाको स्वर निरुत्साहित हुनेछ । त्यसैगरी सरकारले राष्ट्रिय मानवअधिकारको स्वतन्त्र भूमिका कमजोर पार्दैछ र राज्यलाई थप निरङ्कुश बनाउन खोज्दैछ । त्यसैगरी सरकारले सदनमा गुठी विधेयक प्रस्तुत गरेको थियो तर व्यापक जनदबाबपछि मंगलबार फिर्ता लिन बाध्य भएको छ । गुठीलगायत कुनै विधेयक निर्माण गर्ने क्रममा सरोकारवालासँग छलफल गरेको थिएन । सरकार गठन भएलगत्तै सार्वजनिक विरोध प्रदर्शनका स्थलमाथि रोक लगाएर सरकारले आफ्नै सर्वसत्तावादी निरङ्कुश चरित्र देखाएको थियो । सरकारको त्यसप्रकारको चरित्रका विरुद्ध ने.क.पा. सहितका शक्तिहरूले सरकारका विरुद्ध सङ्घर्ष गरिरहेका छन् । तर सरकार आफ्नो हर्कत सच्याउनेभन्दा झन् निरङ्कुश बन्दै गएको देखिन्छ । विरोध र आलोचनाको स्वर दबाउने बदनियतले नै सरकारले ने.क.पा. माथि प्रतिबन्ध लगाएको छ । तर उक्त कार्यमा सरकार एक्लो भएको छ । सरकार संलग्न दलका नेताहरूबाटै सरकार आलोचित भएको छ । प्रमुख प्रतिपक्ष नै सरकारी निर्णयका विरुद्ध छ । छिमेकीसँगको सम्बन्धलाई पनि सन्तुलित गर्न सरकार असफल देखिन्छ । आर्थिक स्थिति चौपट भएको छ र देश आर्थिक सङ्कटको सँघारमा उभिएको छ । मधेसी समुदाय, सञ्चारकर्मी, मानवअधिकारकर्मी, सांस्कृतिक समुदाय, देशभक्त शक्ति र कम्युनिस्ट, वामपन्थी सबै आन्दोलित छन् । सरकार भने झन्झन् पेलेर जाने हठी मानसिकतामा छ । गुट र निजी स्वार्थको टक्करले सरकारमा रहेका नेता र दलहरू नराम्ररी नाङ्गिएका छन् र शक्तिको हिसाबले थलिएका छन् । सरकार बुढो बाघझैँ हत्या, दमन, झूट्टा मुद्दा थोपरेर अकण्टक राज गर्ने दिवास्वप्न देखिरहेको भान हुन्छ तर यो यात्रा सरकारको उल्टो यात्रा हो । अब भने सरकारको उल्टो यात्रालाई दिनगन्तीका रूपमा हेर्न थालिएको छ ।

## जनयुद्धकालमा कब्जा गरिएको जमिन नेकपाद्वारा पुनः नियन्त्रण

**महोत्तरी** : नेपाल कम्युनिस्ट पार्टी महोत्तरीको जिल्ला इन्चार्ज मास र सेक्रेटरी अपिलले शुक्रबार वक्तव्य निकाली जनयुद्धकालमा बजरङ्ग भनी चिनिने सामन्तको ६० बिघा जमिन पुनः कब्जा गरेको जनाएका छन् ।

वक्तव्यमा भनिएको छ, 'महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी महोत्तरी जिल्लाको ... बाँकी पृष्ठ ७ मा


## विजय दर्नाल निष्कासित

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीको भ्रातृ सङ्गठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका अध्यक्ष अमर झाँक्रीले शुक्रबार वक्तव्य जारी गर्दै वर्गसङ्घर्षको बाटो त्यागी वर्गसमन्वयको बाटो रोजेका विजय दर्नाललाई महासङ्घको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको सार्वजनिक गरेका छन् ।

झाँक्रीद्वारा जारी वक्तव्यमा भनिएको छ, 'लाखौँ श्रमिक वर्गको अग्रदस्ता अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ नेपाली श्रमजीवी मजदुरहरूको पूर्ण मुक्तिका लागि सङ्घर्षशील सङ्गठन रहेको यहाँहरूलाई अवगतै छ । वर्तमान राज्यसत्ताले ... बाँकी पृष्ठ ७ मा

## नेकपामाथिको प्रतिबन्ध हटाउन जर्मनी कम्युनिस्ट पार्टीको चेतावनी

■ **अम्बिका चन्द**/काठमाडौं




जर्मनीको मार्क्सवादी-लेनिनवादी कम्युनिस्ट पार्टी (एमएलडीपी) ले नेपालमा केपी वली सरकारले विप्लव नेतृत्वको नेकपामाथि लगाएको प्रतिबन्धको विराध गर्दै तत्काल प्रतिबन्ध फुकुवा गर्न र प्रतिबन्ध लगाउनुको कारण प्रस्ट पार्न चेतावनीपूर्ण पत्र प्रेषित गरेको छ । रातो खबरलाई मोनिका गार्टनेर–एन्जेल/सीसीका नामबाट १३ जुनमा प्राप्त पत्रमा प्रधानमन्त्री केपी वलीलाई सम्बोधन गर्दै लेखिएको छ, 'प्रिय प्रधानमन्त्री केपी शर्मा वली, हामीले नेपाली पत्रिकाहरूबाट नेपाल सरकारद्वारा विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएको थाहा पायौँ । पार्टीमाथि लगाइएको यस्तो प्रतिबन्धले एमएलडीपी व्याकुलर चिन्तित भएको छ ।'

पत्रमा अगाडि लेखिएको छ, 'हामीले सङ्घीय गणतान्त्रिक जर्मनीमा केपीडी (जर्मनी कम्युनिस्ट पार्टी) माथिको प्रतिबन्धको महत्वपूर्ण अनुभव बनाएका छौँ । १९५६ मा प्रतिक्रियावादी एडेनउअर सरकारद्वारा कम्युनिस्ट ... बाँकी पृष्ठ ७ मा

## चीनलाई फुटाउन काठमाडौँमा गोप्य सम्मेलन : गुरुङ

■ **भीम चापागाईं**/काठमाडौं



चीनको सिन्चुवान प्रान्तलाई फुटाउन काठमाडौँमा गतिविधि हुँदै आएको खुलासा भएको छ ।

संसद्को सोमबारको बैठकमा सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का प्रमुख सचेतक देव गुरुङले काठमाडौँको बौद्धमा चीनको सिन्चुवान प्रान्तलाई फुटाउन फ्रि तिब्बत युवा काङ्ग्रेसको सम्मेलन भएको बताए ।

सिन्चुवान प्रान्तमा रहेका मुस्लिमहरूलाई उचालेर नेपालको भूमि प्रयोग गरी चीनलाई फुटाउने गतिविधि भइरहेको गुरुङले बताए ।

'नेपालको भूमि प्रयोग गरेर छिमेकी देशलाई फुटाउने गतिविधिहरू हुन दिनु हुँदैन । सबैभन्दा ठूलो चुनौती भनेको भारतसँगको खुला सिमाना छ । काठमाडौँको बौद्धमा फ्रि तिब्बत युवा काङ्ग्रेसको सम्मेलन भएको छ । चीनलाई फुटाउन सम्मेलन भएको कुरा आएका छन्', उनले भने, 'काठमाडौँका होटेलहरूमा गोप्य रूपमा ... बाँकी पृष्ठ ७ मा

## सुकेधारा विस्फोटका रामकुमार श्रेष्ठ सहिद घोषित

■ **रातो खबर संवाददाता**/काठमाडौं



नेपाल कम्युनिस्ट पार्टीले सुकेधारा बम विस्फोटमा गम्भीर घाइते भई ओम अस्पतालमा उपचार गराइरहेका रामेछापको मन्थली नगरपालिका, गैराथोकका रामकुमार श्रेष्ठलाई सहिद घोषणा गरेको छ । पार्टी महासचिव विप्लवले वक्तव्य जारी गर्दै श्रेष्ठको सहादतले पार्टीलाई गम्भीर चोट र क्षति पुगेको उल्लेख गरेका छन् । उनले सहिदको बलिदान खेर नजाने प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

महासचिव विप्लवले वक्तव्यमा भनेका छन्, 'केपी सरकारको राज्यआतङ्क र कमरेड तीर्थ घिमिरे हत्याकाण्डविरुद्ध आयोजित नेपाल बन्द कार्यक्रमको पूर्वसन्ध्यामा काठमाडौँको सुकेधारा बम विस्फोटमा गम्भीर घाइते भई अस्पतालमा उपचार गराइरहेका योद्धा कमरेड रामकुमार श्रेष्ठको सहादतले नेपाल कम्युनिस्ट पार्टीलाई ... बाँकी पृष्ठ ७ मा

**जनयुद्धका बेपत्ता योद्धाको सम्झना**

## वक्ताहरू भन्छन्, 'विप्लवलाई प्रतिबन्ध लगाउनु सरकारको फासिवादी कदम'




■ **झनक श्रेष्ठ**/काठमाडौं

राज्यद्वारा बेपत्ता पारिएका 'बेपत्ता योद्धा परिवार समाज नेपाल' ले 'शान्तिप्रक्रिया र वर्तमान राजनीतिक परिस्थिति' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । काठमाडौँको प्रज्ञा भवनमा मङ्गलबार सम्पन्न कार्यक्रममा दसबर्से जनयुद्धका क्रममा २०५९ साल असार ३ गते विपीन भण्डारी र दिलबहादुर राईलाई सरकारले गिरफ्तार गरी बेपत्ता पारेको थियो । उक्त ... बाँकी पृष्ठ ७ मा

## दलाल पुँजीवादी सत्ताले बिदा लिँदैछ, सहिदहरूको बलिदान खेर जानेछैन



**अन्तर्वार्ता**

### विप्लव
**महासचिव, नेपाल कम्युनिस्ट पार्टी**

» ***कम्युनिस्ट नाउँकै सरकार छ । सत्तासीन नेकपाको लोकप्रियता घट्दो छ । तपाईंले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले चाहिँ कसरी जनतालाई आकर्षित गर्छ ?***

- जनआकर्षणको सम्बन्ध श्रमिक जनता (किसान, मजदुर, महिला, युवा), देश, देशभक्त शक्ति, लोकतन्त्रवादीहरूका लागि पार्टीले अगाडि बढाउने राजनीतिक विचार, नीति, कार्यक्रमसँग हुन्छ । आज देशको राजनीतिक आर्थिक, सामाजिक राष्ट्रिय अवस्था सङ्कटपूर्ण एवम् विस्फोटक छ भन्नेमा सबै एकमत छन् । यसको एक मात्र कारण दलाल पुँजीवादी राज्यसत्ता, ... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# बलिदानको महत्व

*हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए*
*बन्दैन मुलुक दुईचार सपूत मरेर नगए*
***– भूपी शेरचन***

वर्गसङ्घर्षमा त्याग, शौर्य, साहस र बलिदानको ठूलो अर्थ र महत्व छ। अत्याचारी सत्ताबाट भएका अनेक किसिमका शोषण, दोहन, थिचोमिचो, अन्याय, अत्याचारका विरुद्ध अभिव्यक्त जनआक्रोश अन्तिममा कम्युनिस्ट पार्टीको नेतृत्वमा आन्दोलन, सङ्घर्ष, विद्रोह, युद्ध हुँदै क्रान्तिमा सङ्गठित हुन्छ, मुखरित हुन्छ र अत्याचारी सत्ताहरू ढल्छन्। त्यतिखेरसम्म आइपुग्दा जनस्तरबाट, पार्टीका शुभचिन्तक, समर्थक, कार्यकर्ता र नेतृत्व स्तरबाटै सबैभन्दा बढी त्याग, शौर्य, साहस र बलिदानको आवश्यकता पर्छ, परेको छ। यो वर्गसङ्घर्षको अनिवार्य नियम हो। महान् जनयुद्धमा तत्कालीन नेकपा (माओवादी) का पोलिटब्युरो सदस्य सुरेश वाग्ले 'वासु' देखि केन्द्रीय सदस्यहरू विशाल, कुमार, प्रताप, रामवृक्ष, सुनील, कृष्ण सेन 'इच्छुक' लगायत कयौँ केन्द्रीय र स्थापित नेतृत्वको बलिदानीले यसलाई प्रमाणित गरेको थियो। क्रान्तिमा बलिदानको मूल्य, मर्म, अर्थ र महत्वलाई स्वीकार्नैपर्छ र गौरव गर्नुपर्छ। एकीकृत जनक्रान्तिका महान् सहिदहरू धनरूप बटाला, सनराइजदेखि तीर्थ घिमिरे 'राजु', महान, दीपेन्द्र, प्रज्वल शाही, निरन्तर हुँदै रामकुमार श्रेष्ठसम्म आइपुग्दा नेपाली वर्गसङ्घर्ष बलिदानको उच्च मूल्यबोध र आवश्यकता बढिरहेको प्रमाणित भएको छ।

बलिदानबिना परिवर्तन र मुक्तिको अपेक्षा गर्नु बिनाअर्थको आदर्शवाद मात्र हो। इतिहासमा स्पार्टाकसको नेतृत्वमा भएको दासविद्रोहदेखि गत शुक्रबार रामकुमार श्रेष्ठको बलिदानसम्म आइपुग्दा बलिदान आमूल परिवर्तन अर्थात् क्रान्तिको एउटा अनिवार्य सर्त हो र यो पार गरेर मात्र लक्ष्यमा पुगिन्छ भन्ने प्रमाणित हुँदै आएको छ र भएको छ। नेकपाका महासचिव कमरेड विप्लवले भन्नुभएको छ, 'हामी सहिदको रगत खेर जान दिनेछैनौँ।' एकीकृत जनक्रान्ति स्पार्टाकसको दासविद्रोहदेखि जनयुद्धसम्मका त्याग, शौर्य, साहस र बलिदानको समुच्च हो र समग्र क्रान्ति हो। त्यसैले विगतदेखि वर्तमानसम्मका सबै विद्रोह र बलिदान वैज्ञानिक समाजवाद स्थापनाका लागि ऊर्जा हुन्। सम्पत्ति हुन्। भविष्यले मात्र होइन, वर्तमानले नै यिनको उचित मूल्याङ्कन गर्नुपर्छ। क्रान्ति सफल पारेरै बलिदानको उचित मूल्याङ्कन गर्न सम्भव छ। परिस्थिति त्यही अवस्थातिर अग्रसर छ।

नेपालमा निरङ्कुश राणाशासक जङ्गबहादुरका विरुद्ध विद्रोहको झन्डा उठाउने लखन थापाको विद्रोह र बलिदानलाई प्रथम बलिदानका रूपमा सङ्गठित गरिएको छ। यद्यपि बलिदानको कोटा त्यसअघि पनि चुक्ता भएका बहसहरू उठेका छन्। त्यसपछि उठेको विद्रोह र बलिदानको शृङ्खला ऊभन्दा ऊ कीर्तिमानलाई पछि पार्दै अघि बढिरहेको छ।

राणाशासनविरुद्ध मकैको खेतीका नायक कृष्णलाल अधिकारी हुँदै ० ९७ सालका गङ्गालाल, दशरथ चन्द, धर्मभक्त, शुक्रराज शास्त्रीलगायत चार सहिद, ०७ सालको विद्रोह र थीरबम मल्ल, ०७ पछि चिनियाँकाजी श्रेष्ठ, भीमदत्त पन्त, हुँदै झापा विद्रोह र त्यस विद्रोहका नायक सहिदहरू, कमरेड आजाद, हुँदै राजन रायमाझीसम्मका सहिदहरूले वर्गसङ्घर्षको यही अनिवार्य नियम पूरा गरेर क्रान्तिलाई ऊर्जा दिएका छन्। ०४६ सालको जनआन्दोलनका सहिदहरूको त्याग र शौर्यले २०५२ सालदेखि आरम्भ भएको जनयुद्धलाई ऊर्जा दियो र दिलबहादुर रम्तेलदेखि सुरेश वाग्ले 'वासु' हुँदै जनयुद्धका नौ हजारभन्दा बढी सहिदहरूले बगाएको रगतको ऊर्जाले एकीकृत जनक्रान्ति सफलताको दिशामा अघि बढिरहेको छ।

महासचिव विप्लवले भन्नुभएको छ, 'हाम्रो पार्टी सहिदहरूको बलिदान खेर जान नदिने साथै एकीकृत जनक्रान्ति सफल गरिछाड्ने प्रतिबद्धता प्रकट गर्दछ। साथै राज्यआतङ्क, जनदमन र राष्ट्रघातका विरुद्ध सम्पूर्ण कम्युनिस्ट क्रान्तिकारीहरू, देशभक्त र लोकतान्त्रिक शक्तिहरूलाई एकताबद्ध भएर सङ्घर्षमा अघि बढ्न विशेष आह्वान पनि गर्दछौँ।'

वर्तमान केपी-पीके सरकार जनविद्रोह दमन गरी बलिदानको मात्रा बढाउने षड्यन्त्रमा रहेको कुरा धनरूपदेखि रामकुमारसम्म आइपुग्दा छर्लङ्गै देखिएको छ। व्यक्तिगत स्वार्थबाट मुक्त भएर क्रान्तिमा होमिएको महान् व्यक्तित्वले मात्र सहिदजस्तो महान् पदवीको दाबी गर्न सक्छ। म जितेर आउँछु, नत्र सहिद बन्छु र पार्टीको झन्डा ओढ्छु भन्ने हिम्मत जोसुकैले गर्न सक्तैन। प्रचण्ड-बाबुराम र रामबहादुर थापाहरूले जनयुद्धका महान् सहिद, बेपत्ता योद्धा र घाइते अपाङ्ग योद्धाहरूका सपना प्रतिक्रियावादी सत्तासँग साटे पनि क्रान्ति र परिवर्तनका लागि नेपाली माटो सदा तयार छ भन्ने एकीकृत जनक्रान्तिमा रहरलाग्दो उमेरका युवाहरूको लामबद्धता, त्याग, शौर्य र बलिदानले प्रमाणित गरेको छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# शान्तिप्रक्रिया र वर्तमान राजनीतिक परिस्थिति



**एकराज भण्डारी,** वरिष्ठ अधिवक्ता
राज्यद्वारा बेपत्ता योद्धा परिवार समाज, नेपाल

### पृष्ठभूमि

आजभन्दा १६ वर्षगाडि आजकै दिन अर्थात् २०५९ असार ३ गते तत्कालीन क्रूर राज्यसत्ताका सुरक्षाकर्मीद्वारा राजनीतिक आस्था र विचारकै आधारमा विद्यार्थी नेता विपीन भण्डारी र दिलबहादुर राईलाई पक्राउ गरी जबर जस्ती नियन्त्रणमा लिई बेपत्ता पारिएको थियो। जनयुद्धका क्रममा हजारौँ नागरिकलाई राजनीतिक आस्था र विचारकै आधारमा पक्राउ गरी जबर्जस्ती आफ्नो कब्जामा लिई बेपत्ता पार्ने काम गरियो। त्यसरी बेपत्ता पारिएका होनहार योद्धाहरूमध्येका हुन् विपीन भण्डारी र दिलबहादुर राई। एकातिर सधैँभरि न्यायका पक्षमा, उत्पीडित एवम् शोषित जनताका पक्षमा, राष्ट्रका पक्षमा लड्दै आएकोमा विपीन भण्डारी, दिलबहादुर राई, मनमाया पुरी, कृष्णबहादुर बस्नेत र देवराज पौडेल, रामहरि रूपाखेतीलगायतलाई पक्राउ गरी बेपत्ता पारिएको दिन असार ३ गतेको दिन बेपत्ताका परिवार, आफन्त शुभचिन्तक सबैका लागि एउटा कालो दिनका रूपमा सधैँभरि स्मरण हुने दिन र अर्कोतिर दुस्मनको कब्जामा परेर पनि आफ्नो आस्था र विचारमा अडिग रही युद्धमोर्चाको अग्रपङ्क्तिमा रहेर नेपालको पुरानो सामन्ती राज्यसत्ता ध्वंस गरी नयाँ राज्यसत्ता स्थापनाका लागि निरन्तर लडेका विपीन भण्डारी, दिलबहादुर राई र उनीहरूजस्ता हजारौँ नेपाली योद्धाहरूको विभिन्न कालखण्डमा भएको योगदानबाट नै नेपाली राजनीतिमा आजको परिवर्तन सम्भव भएको हो। त्यसैले बेपत्ता योद्धा विपीन भण्डारी, दिलबहादुर राईलगायत परिवर्तनकामी योद्धाहरूको योगदानको सम्मान एवम् स्मरण गर्ने दिनका रूपमा पनि असार ३ गते भएकाले यो दिन बेपत्ता योद्धा विपीन भण्डारी र दिलबहादुर राईको सम्मान एवम् स्मरण दिवसका रूपमा पनि रहिआएको छ।

### बेपत्ता नागरिकको सार्वजनिकीकरणको प्रश्न

शासकहरू जहिले पनि दमन गरेर नै आफ्नो सत्ता टिकाउने गर्दछन्। नेपालका शासकहरू पनि त्यसैगरी नै क्रूर शासनसत्ता टिकाउन लागे। नेपालमा चलेका सबै आन्दोलन, सङ्घर्ष, क्रान्ति र युद्धहरूमा सत्ताको आडमा व्यापक जनदमन गरियो। नागरिकहरू पक्राउ गर्ने, बेपत्ता पार्ने, अङ्गभङ्ग गराउनेसमेतका ज्यादती गरियो। त्यसको पछिल्लो उदाहरण जनयुद्धका क्रममा हजारौँ नागरिकहरू पक्राउ गरी बेपत्ता पारियो। हजारौँको हत्या गरियो। हजारौँ अपाङ्ग बनाइयो कैयौँ विस्थापित हुनुपर्‍यो। कैयौँले जेलनेल र यातना भोग्नुपर्‍यो र जनयुद्ध सम्झौतामा आएर टुङ्गियो। सम्झौतामा कम्तीमा पूर्ण लोकतान्त्रिक संविधान संविधानसभाबाट बनाउने र युद्धका क्रममा भएका ज्यादती एवम् गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनालाई सम्बोधन गर्न कानुन एवम् आयोग बनाउने भन्ने उल्लेख गरियो तर सम्झौता परिपालना गरिएन। न जनयुद्ध र जनआन्दोलनको म्यान्डेटअनुसारको पूर्ण लोकतान्त्रिक संविधान बन्यो न त बेपत्ता योद्धा र सहिदहरूको सपना जस्तो राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक परिवर्तन नै भयो, न तिनका योगदानहरू संस्थागत नै गरियो, न जनयुद्धमा भएका ज्यादतीबाट पीडा भोग्न बाध्य हजारौँ नागरिकको व्यवस्थापन नै गरियो, न त पीडकलाई कारबाहीको दायरामा नै ल्याइयो। जनयुद्धका क्रममा सरकारी सुरक्षाकर्मीद्वारा मारिएका योद्धाहरू मिति २०६५।०९।०९ मा तत्कालीन माओवादी नेतृत्वको सरकारले राष्ट्रिय सहिद गरेको घोषणा निर्णय सार्वजनिक गरिएन तर मिति २०७५।१२।११ मा जनयुद्धको नेतृत्व गरेको माओवादी पार्टी सम्मिलित सरकारले स्वयम् माओवादीद्वारा मारिएका सरकारी सुरक्षा निकायका व्यक्तिलाई सहिद घोषणा गरेको निर्णय सार्वजनिक गरिएको छ। युद्ध शान्तिसम्झौताबाट टुङ्गिएको हुनाले युद्धका क्रममा जुनसुकै पक्षबाट मारिएको वा बेपत्ता बनाइएको भए पनि तिनको सम्मान गर्ने विषय फरक विषय हो तर सहिद घोषणा गर्ने विषय जनताको पक्षको एजेन्डा बोकेबापत र त्यस्तो एजेन्डाको जित भएको अवस्थामा घोषणा गर्ने विषय हो। त्यसैले यतिखेरको सरकारको उक्त निर्णयले सहिदको परिभाषा नै अन्योलमा पर्न गएको छ। बेपत्ता योद्धाको यथार्थ स्थिति पत्ता लगाई तिनको सार्वजनिक पनि आजसम्म गरिएन। घाइते तथा अपाङ्गता भएका योद्धाहरूको उचित औषधोपचार एवम् व्यवस्थापन गरिएन। तिनका आश्रित परिवारको अभिभावकत्व राज्यले ग्रहण गरी निःशुल्क स्वास्थ्योपचार, शिक्षा, रोजगार, आवास आदिको व्यवस्था गरिनुपर्थ्यो तर गरिएन। त्यसैले परिवारजन ठूलो पीडामा छन्।

शान्तिप्रक्रियाका विषयहरूमध्ये बेपत्ता नागरिकलाई सार्वजनिक गर्ने प्रश्न अहम् प्रश्न हो। मानिस पक्राउ गरी बेपत्ता पार्ने कार्य अत्यन्त निकृष्ट अपराध हो। जनयुद्धका क्रममा राज्यद्वारा नियोजित र योजनाबद्ध ढङ्गले मानिस पक्राउ गरी बेपत्ता पारियो। यो विषय शान्तिप्रक्रियाको सुरुआती चरणमै सम्पन्न गरिसक्नुपर्ने थियो। जब कि सम्झौतामा बेपत्ता पारिएका व्यक्तिहरूको विवरणको सूचना ६० दिनभित्र सार्वजनिक गर्ने भन्ने प्रतिबद्धता गरिएको थियो तर पूरा गरिएन। सम्झौतामा सहभागी दलहरू सधैँ सरकार बनाउने र गिराउने काममा व्यस्त रहे। सरकारमा रहने, भ्रष्टाचारमार्फत रकम जम्मा गर्ने र अर्को निर्वाचनमा आफ्नो जित सुनिश्चित गराउनेतर्फ मात्र दलहरूको ध्यान गएको देखियो जसका कारण शान्तिप्रक्रियाका १३ वर्ष पार भइसक्दा पनि बेपत्ता नागरिक सार्वजनिक गर्नेजस्तो गम्भीर विषय थाती रहन पुग्यो। बेपत्ता नागरिक सार्वजनिक गर्नेसम्बन्धी कानुन सरकारले एकतर्फी ढङ्गले बनायो। जब कि सर्वोच्च अदालतको फैसलामा कानुन बनाउँदा पीडित पक्ष र विज्ञको सुझाव लिनुपर्ने भनी सरकारका नाममा आदेश जारी गरिएको थियो। उक्त आदेश पालना गरिएन। आयोगको गठन एकतर्फी ढङ्गले गरियो। जब कि सर्वोच्च अदालतबाट भएको फैसलामा आयोगमा पीडितहरूको पनि संलग्नता हुनुपर्ने भनिएको थियो तर कानुन अपूरो बनाइयो। त्यसैगरी आयोग पनि कामकाजी हुन सकेन। बेपत्ता नागरिकहरूको अवस्था सार्वजनिक गरिनुपर्ने कार्य यथावत् रह्यो।

### शान्तिप्रक्रिया सम्बन्धमा

मानवअधिकारको गम्भीर रूपमा उल्लङ्घन गरिएका विषयलगायत शान्तिप्रक्रियाका अन्य विषयहरू पनि अन्योलमै छन्। जसका कारण युद्धको पीडा भोग्न बाध्य लाखौँ नागरिक क्रुद्ध छन्। शान्तिप्रक्रियाका विषयहरूमध्ये पहिलो विषय १२ बुँदे समझदारी र विस्तृत शान्तिसम्झौतामा जनताको पूर्ण लोकतान्त्रिक संविधान निर्माण गर्ने भन्ने प्रतिबद्धता गरिएको थियो तर विवादित ढङ्गले संविधान निर्माण गरियो। शान्तिप्रक्रियाको दोस्रो विषय भनेको सेना समायोजन थियो। जनमुक्ति सेनामध्ये अधिकांशको न्यायपूर्ण ढङ्गले व्यवस्थापनसम्म पनि नगर्दा पूर्वजनमुक्ति सेना, बहिर्गमित सेनालगायतले आफ्ना असन्तुष्टिहरू जाहेर गर्दै विद्रोह गर्ने चेतावनी दिइरहेका छन्। माओवादीले तात्कालीन शाही नेपाली सेनालाई विद्रोह गर्न आह्वान गरेपछि शाही नेपाली सेनाबाट विद्रोह गरेर तत्कालीन जनमुक्ति सेनामा प्रवेश गरेका मोरङका झलकुमार भगत थारू यतिखेर माओवादीकै सरकारद्वारा चलाइएको मुद्दामा सर्वस्वसहित जन्मकैदको सजाय भोगिरहेका छन्। पुष्पकमल दाहाल 'प्रचण्ड' को आदेशमा पार्टीको योजनाअनुसार कार्य गरेको दाबी गर्ने बालकृष्ण ढुङ्गेलले राष्ट्रपतिसमक्ष जनयुद्धमा लाग्नु गल्ती भएकाले माफी पाऊँ भन्ने बेहोराको निवेदन पेस गरपछि मात्र "आममाफी" को माध्यमबाट जेलमुक्त भएको यथार्थ हाम्रा अगाडि छ। यस्ता थुप्रै घटनाहरू छन् जो विस्तृत शान्तिसम्झौताको कार्यान्वयनका लागि बनेका कानुनमा समेटिएनन्। जनयुद्धका क्रममा भएका मानवअधिकार गम्भीर उल्लङ्घनका बारेमा तथ्यहरू सङ्कलन गरी सत्य स्थापित गरेर समाजमा मेलमिलापको वातावरण बनाउने उद्देश्यका साथ आयोग गठन गर्नुपर्ने सम्झौता थियो तर विवादका बीचबाट सरकारले एकतर्फी ढङ्गले कानुन बनाई त्यसअनुसार आयोगहरू गठन गरिए। गठित आयोगहरूले आफ्नो चारबर्से अवधि पूरा गर्दासम्म सफलता हासिल गर्न नसक्दा जबर्जस्ती बेपत्ता पारिएका योद्धा, तिनका परिवार तथा सहिद परिवार, बलात्कृत तथा यौनहिंसाबाट पीडित, घाइते तथा अपाङ्गता पारिएका योद्धाहरू, यातनापीडित, विस्थापित, बहिर्गमित जनमुक्ति सेना, आस्थाका आधारमा झूट्टा मुद्दा खेप्न बाध्य माओवादीका नेता, कार्यकर्ता र समर्थक, शुभचिन्तकलगायत समग्रका पीडा यथावत् छन्। जनयुद्धको क्रममा माओवादी आधारइलाकामा माओवादीद्वारा सञ्चालित जनसत्तामार्फत गरिएको जग्गाजमिन बिक्रीवितरणलगायत कारोबारहरूलाई मान्यता नदिई, नियमन नगर्दा दोहोरो कर तिर्नुपरेका कारण आफूहरूलाई ठूलो मार परिरहेको भन्ने ती क्षेत्रका जनताको गुनासो र पीडा यथावत् छ। २०५९ साल असार २ गते जनयुद्धका क्रममा सहादत प्राप्त गरेका माओवादी नेता सहिद रीतबहादुर खड्का प्रतापका नाममा २०५६ र ५७ सालको समयमा माओवादी भएकै कारण लगाइएको झूट्टा मुद्दाको अंश रोक्का गर्ने प्रयोजनका लागि सहिद रीतबहादुर खड्काको दोलखा जिल्लास्थित घरमा केही दिनअघि मात्र अदालतमार्फत म्याद सूचना टाँस गर्न पठाइएको सार्वजनिक भएको छ। यो विषय हास्यास्पद मात्र हैन, यसले सिङ्गो सरकार र राज्यसत्ताको खिल्ली उडाएको छ। सरकारद्वारा मिति २०६५।०९।०९ मा नै सहिद घोषणा गरिनुभएका रीतबहादुर खड्कालाई अपराधी भएको भनी यतिका वर्षपछि अंश रोक्काको म्याद टाँस गर्ने सरकारको हदैसम्मको गैरजिम्मेवार एवम् निकृष्ठ कार्य हो।

समाजमा मेलमिलापको वातावरण बनाउन निर्मित कानुनअनुसार गठित बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यवधि दुई वर्ष पूरा भई थप गरिएको अर्को २ वर्ष अवधिसमेतको ४ वर्ष पूरा भइसक्दा पनि कुनै मूलभूत उपलब्धि हासिल हुन सकेन। अब के गर्ने ? कामहरू सबै बाँकी छन्, पुनः म्याद बढाएर यसैलाई निरन्तरता दिने वा आवश्यकताअनुसार संविधान संशोधन गर्ने वा नयाँ ढङ्गले कानुन र आयोगको गठन गरी त्यसअनुरूप अघि बढाउने ? यसबारे पनि गहन छलफल आवश्यक छ। चारबर्से यो अवधिमा शान्तिप्रकृयाको कुनै पनि विषयको टुङ्गो लाग्न नसकेकातर्फ गम्भीरतापूर्वक सोच्न जरुरी छ। यो प्रक्रिया कहाँबाट र कसरी अड्किएको छ ? कुन शक्तिका कारण यसलाई बन्धक बनाई राखिएको हो ? यसको पहिचान हुन जरुरी छ। यसको पहिचानबिना फेरि पनि सामान्य ढङ्गले ऐनको म्यादसम्बन्धी प्रावधानमा मात्र संसोधन गरी आयोग गठन गरियो भने यसको कार्यकाल तथा कार्यवधि दसौँ वर्ष थप गर्दा पनि आयोग प्रभावकारी हुन नसक्ने स्पष्ट छ किनकि २०६३ सालदेखि नै विस्तृत शान्तिसम्झौताका दुवै पक्षले हल गर्ने भनी प्रतिबद्धता जनाएको यो विषय आज १७ वर्ष पुगिसक्दा पनि जहाँको तहीँ छ। जनयुद्धका समयमा अधिकांश सरकारको नेतृत्व नेपाली काङ्ग्रेसले गरेको थियो, माओवादी विद्रोही पक्ष थियो। प्रतिपक्षमा ने.क.पा. (एमाले) थियो। शान्तिप्रक्रियासम्बन्धी कानुन निर्माण गर्दा होस् वा आयोग गठनको प्रक्रियामा होस् तत्कालीन एमाले वृत्तबाट जहिले पनि सेना परिचालन गर्ने तत्कालीन नेपाली काङ्ग्रेसको सरकार र हतियार उठाउने विद्रोही माओवादी भएकाले यसको जिम्मेवार यी दुवै पक्ष हुनुपर्छ भन्ने अभिव्यक्ति आएको देखिन्छ। मुख्यतः एमाले वृत्तबाट यसको राजनीतिक समाधान नखोजी कानुनी कारबाही र दण्डको प्रक्रियाबाट मात्र समाधान गरिनुपर्छ भन्ने अभिव्यक्ति रहेको देखिन्छ। यो लाइन युरोपियन युनियनलगायत विदेशी संस्थाहरूबाट प्रभावितहरूबाट आएको देखिन्छ। ताकि नेपालमा कम्युनिस्ट आन्दोलन फेरि कहिल्यै पनि नदोहोरियोस् भन्ने सोचाइबाट यो आएको देखिन्छ। यतिखेर नेपालको संसदीय पद्धतिभित्रको राजनीतिक समीकरणमा केही परिवर्तन भएको छ। नेकपा (एमाले) र माओवादी पार्टी एकीकरण भएको भन्ने छ तर शान्तिप्रक्रियाको यो विषयमा उक्त पार्टीको एउटै धारणा भएको पाइन्न। पार्टी एकीकरण हुँदा सरकारको नेतृत्व दुवै अध्यक्षले आलोपालो गर्ने भन्ने सहमति पुष्पकमल दाहाल प्रचण्डमार्फत सार्वजनिक भैरहेको छ जब कि प्रधानमन्त्रीबाट यस्तो केही नभएको कुरा सार्वजनिक भएको छ। यसले नेतृत्व तहमा विवाद रहेको स्पष्ट देखाउँछ। जनयुद्धमा संलग्न भई मानवअधिकार उल्लङ्घन गर्नेलाई अन्तर्राष्ट्रिय कानुन आकर्षित हुन सक्ने भन्दै प्रधानमन्त्री निकटस्थ व्यक्तिहरूले अप्रत्यक्ष रूपमा प्रचण्डलाई डर देखाइरहेको कुरा पनि सार्वजनिक हुँदै आएको छ। त्यसैले सम्झौताअनुसार शान्तिप्रक्रियाको हल गर्ने विषयलाई स्वयम् प्रधानमन्त्री नै अनिच्छुक भएको देखिन्छ भने यस सम्बन्धमा पुष्पकमल दाहाल 'प्रचण्ड' बाटसमेत सशक्त ढङ्गले यससम्बन्धी विषयवस्तुको उठान गर्न र अडान लिन सकेको देखिँदैन। यसरी नै शान्तिप्रक्रियाका विषयवस्तुहरू राजनीतिक दाउपेचका कारण आआफ्ना स्वार्थमा अड्किएर हल हुन नसकी यथास्थितिमा रहेको देखिन्छ।

### वर्तमान राजनीतिक परिस्थिति

संविधान घोषणा भएको चार वर्ष पूरा भएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्थाको निर्वाचन भई नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को नेतृत्वमा दुईतिहाइ बहुमतको सरकार छ तर पनि जनतामा स्थिर सरकारको अनुभूति हुन सकिरहेको छैन किनभने यो दुई तिहाइको सरकार भएको पार्टी एक भएको अनुभूति हुन सकेको देखिँदैन। पार्टी एकीकरण गरिएको भनिए पनि दुई पार्टीको मोर्चाजस्तो देखिन्छ, अर्थात् पार्टीभित्र नै दुईवटा पार्टी देखिन्छ। पार्टीको नाम नै प्रस्ट रूपमा दुईवटा देखिन्छन् नेपाल कम्युनिष्ट पार्टी (नेकपा) जसका दुई अध्यक्ष छन्। वैचारिक आधार पनि दुई फरकफरक छन्। मार्क्सवाद लेनिनवाद र जनताको बहुदलीय जनवाद र अर्को मार्क्सवाद लेनिनवाद माओवादमा आधारित २१ औँ शताब्दीको जनवाद। जनयुद्धप्रतिको दृष्टिकोण पनि दुई फरकफरक छन् एउटाले जनयुद्धलाई आपराधिक क्रियाकलाप मान्छ, अर्कोले महान् राजनीतिक परिघटना मान्छ। स्वार्थ पनि दुई फरकफरक छन्। एउटाले यसलाई अन्तर्राष्ट्रियकरण गरी माओवादी नेतृत्वलाई हेग पुर्‍याइने भन्दै माओवादी पङ्क्तिलाई पाखा लगाउने र नेतृत्वलाई घर न घाटको बनाई एमालेकरण गर्ने। अर्कोले एमालेभित्र पसेर सत्तामा बस्ने अन्तर्राष्ट्रिय रूपमा लगाइएको आरोपलाई धोईपखाली गरी समाजवादको खोल ओडेर संसदीय पद्धतिमा आहाल खेल्दैँ कम्युनिस्ट" भैरहने। यसरी यी दुई फरकफरक विचार राजनीति र स्वार्थ बोकेको पार्टीबाट स्थिर सरकारको अपेक्षा गरिहाल्नु वस्तुनिष्ठ देखिन्न। प्रतिपक्षमा रहेको नेपाली काङ्ग्रेस पार्टी पनि आफूभित्रको आन्तरिक किचलोका कारण सरकारको मनपरी र उपद्रवलाई रोक्न सक्ने अवस्थामा देखिन्न। त्यसैले मुलुकमा यतिखेर सुशासन छैन, जताततै भ्रष्टाचार व्याप्त छ। मिडियालाई सरकारको भजनमण्डली बनाउन खोजिएको छ। सरकारमा रहेको पार्टी नेतृत्व तहमा भ्रष्टाचारको प्रश्न उठ्दा त्यसलाई छानबिनको दायरामा ल्याउनुको साटो त्यसको प्रतिरक्षा स्वयम् सरकार प्रमुखले नै गर्नु यो कस्तो लोकतान्त्रिक पद्धति हो ? सरकारको प्रत्यक्ष प्रभावमा संविधान र कानुनको विपरीत हुनेगरी संवैधानिक अङ्गका प्रमुख एवम् न्यायाधीश नियुक्ति गरिन्छ। कर छली गर्ने, दलाली गर्ने, कालोबजारी गर्ने, शैक्षिक माफिया, स्वास्थ्य क्षेत्रका

*बाँकी पृष्ठ ३ मा*

# दलाल पुँजीवादी सत्ताले बिदा लिँदैछ, सहिदहरूको बलिदान खेर जानेछैन

यसमाथि चढेर मोजमस्ती चलाउने संसद्वादी राजनीतिक पार्टीहरू एमाले, काङ्ग्रेस, माओवादी केन्द्र आदि हुन् ।

हाम्रो पार्टीले विदेशी शक्तिको अतिक्रमण, हस्तक्षेप र आक्रमणबाट मुक्त, सम्पूर्ण जनताको अधिकार सुनिश्चित गर्ने, मजदुर, किसान, महिला, युवाहरूका आधारभूत आवश्यकता गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगारी सुनिश्चित गर्ने कार्यक्रम अघि बढाएका छौँ । त्यस्तै देशबाट लुट, कमिसन, राष्ट्रघात, भ्रष्टाचार, तस्करी, सामाजिक असुरक्षा, बलात्कार, चोरी, महँगी आदिलाई सदाका लागि अन्त्य गर्ने हाम्रो नीति तथा कार्यक्रम छ । यी कार्यक्रम हाम्रा होइन जनताका हुन्, यसको नेतृत्व मात्र हामीले गरेका हौँ । यी नै आधारले हामी भन्छौँ, हामी जनताका लागि काम गर्छौं । हाम्रो कामले जनता हाम्रो पार्टीप्रति आकर्षित हुन्छन् । हुँदै जानेछन्, यसमा कुनै द्विविधा छैन ।

» ***परिवर्तनका नाममा यसअघि पनि धेरै आन्दोलन भए । तपाईंहरूले चाहनुभएको परिवर्तनचाहिँ कस्तो हो ? कस्तो राज्यसत्ताको परिकल्पना गर्नुभएको छ ?***

– हाम्रो परिवर्तनको मुख्य लक्ष्य दलाल पुँजीवादी सत्ताको अन्त्य हो । यो व्यवस्थाले जनताको जीवनलाई कष्टकर, कङ्गाल, पराधीन मात्र बनाएको छ । देशलाई टाट पल्टाउँदै लगेको छ । देशलाई बेचेर खानेबाहेक केही गरेको छैन । हामी यसलाई परिवर्तन गर्न चाहन्छौँ । अनि हामीले स्थापना गर्न चाहेको राज्यसत्ता वैज्ञानिक समाजवाद हो जुन व्यवस्थामार्फत पुँजीवादले मानव जीवनमा लादेका सारा विभेद, उत्पीडन, शोषण, लुट, अशान्ति, युद्ध, अतिक्रमणलाई समाप्त पार्दछ । साथै यसले जनताका लागि समानता र स्वतन्त्रता सुनिश्चित गर्दछ ।

» ***कम्युनिस्टका नाममा आन्दोलनको जनउभार उठ्ने सम्भावना छ र ?***

-निःसन्देह छ । सम्भावना मात्र होइन, निर्विकल्प सम्भावना छ किनकि काङ्ग्रेस, एमाले, माओवादी केन्द्रहरूलाई जनताले ७० वर्षको राजनीतिक आन्दोलनमा निर्कैपटक अवसर दिने र जाँच्ने गरेका छन् । कुनै बेला काङ्ग्रेसले दुईतिहाइ ल्यायो । कुनै बेला बहुमत ल्यायो । कहिले एमालेलाई जनताले ठूलो पार्टी बनाए । कहिले बहुमत र दुई तिहाइको अवसर पनि दिए । माओवादी केन्द्रले पनि छोटै अवधिमा त्यस्तै अवसर पायो ।

तर खै त यी पार्टीहरूबाट देशले नयाँ परिवर्तन र विकासको अनुभूति गर्न पाएको ? बरु यी पार्टीहरूले जनतालाई भ्रामक पार्दै देशलाई बेचेर खाने, दलालहरूसँग मिलेर देशको धन कुम्लो पार्ने, जनतालाई लुटेर निजी मोजमस्ती गर्ने काम त गरे । यी असफल भइसकेको अवस्थामा वास्तविक क्रान्तिकारी कम्युनिस्ट पार्टी र वैज्ञानिक समाजवादका पक्षमा जनता उठ्ने, एकताबद्ध हुने र परिवर्तन ल्याउने कुरामा कुनै शङ्का छैन ।

» ***संसारमा कम्युनिस्ट अप्ठेरो अवस्थामा छन् । नेपालमा जनमत भएर पनि लोकप्रियता घट्दो छ नि ?***

- यो पक्का हो माओको मृत्युपछि विश्व कम्युनिस्ट आन्दोलनमा केही कठिनाइहरू आएका छन् तर पुँजीवाद कहाँ सफल भयो त ? पुँजीवाद झनै बेइमान, अमानवीय, लुटेरा र सङ्कटग्रस्त भएको छ । विश्वमा आज मानव जातिले जेजस्ता सास्ती र विपतहरू भोग्दैछ, ती सबै पुँजीवादी विश्व-व्यवस्थाकै कारणले त भोग्दैछ । आज विश्व-मानवजातिसामु जस्ता भयानक विनाशका चुनौतीहरू खडा भएका छन् ती सारा पुँजीवादी विश्वव्यवस्थाकै कारणले त भएको छ ।

कम्युनिस्टहरूसामु कैयौँ प्रश्नहरू भए पनि पुँजीवाद दुनियाँको समाधान होइन भन्नेमा त पुँजीवादी विश्वकै बुद्धिजीवीहरू पनि सहमत छन् । नेपालमा त प्रगतिशील पुँजीवाद पनि छैन । यो त विदेशी शक्तिकेन्द्रको अवैध गर्भधारणबाट पैदा भएको हिजडा पुँजीवाद हो । यसलाई हामीले दलाल पुँजीवाद भनेका छौँ । यसले त पुँजीवादले गर्ने औद्योगिक एवम् प्राविधिक अर्थतन्त्र पनि दिन सक्दैन ।

यो त विदेशी मालिकको पैसा बेचेर गुजरा चलाउने र जनतालाई केवल बजार मात्र बनाएर बीभत्स उपभोग गर्ने सत्ता मात्र हो । आफ्नो कुनै उत्पादन छैन तर उपभोग भने विश्वभरिबाट भएनभएका वस्तुहरू गर्न लगाएको छ । त्यसैको परिणाम हो देशलाई भ्रष्टाचार, व्यभिचार, तस्करी, ठगी, वेश्यावृत्ति, मानव बेचबिखन गर्नुपर्ने बाध्यता आइलागेको छ । अनि यस्तो व्यवस्थालाई मिल्काएर जनताको सत्ता बनाउने कम्युनिस्ट पार्टी लोकप्रिय भइछाड्छ ।

» ***बम विस्फोट भयो । मानिस मारिए । तपाईंका कार्यकर्ता पक्राउ परे । तपाईंको पार्टीको सहरमा उपस्थिति र प्राविधिक रूपले कमजोर भनेर सरकारले बुझेको छ नि ?***

–तपाईंको प्रश्न मिसियो । म फरक गरेर केही बताउँछु । केपी सरकारले चार महिनादेखि हाम्रो पार्टीमाथि फासिवादी आततायी दमन गरिरहेको छ । उसले युद्ध भड्काउने खेल खेलिरहेको छ । हामीले भने जनताको अभिमतअनुरूप राजनीतिक सङ्घर्ष चलाइरहेका छौँ । बन्दुक चलाएका छैनौँ । जेठ ८ गते भोजपुरमा हाम्रा युवा कमरेड तीर्थराज घिमिरे 'राजु' लाई प्रहरीले गोली हानी हत्या गर्‍यो । हत्याकाण्डाविरुद्ध नेपाल बन्द राख्यौँ ।

बन्दका लागि तयारी गर्ने क्रममा केही प्राविधिक खराबीले गर्दा हाम्रा होनहार युवा कमरेडहरू महान, दीपेन्द्र, प्रज्वल, निरन्तर, रवि र रामकुमारको सहादत भयो । उहाँहरूको सहादत दलाल पुँजीवादी सत्ताका विरुद्ध एकीकृत जनक्रान्ति अगाडि बढेपछिको महान् सहादत हो । हाम्रो पार्टीले उहाँहरूलाई उच्च सम्मान गरेको छ र म शिर निहुर्‍याएर सम्मान व्यक्त गर्दछु । उहाँहरूको बलिदान कहिल्यै खेर नजाने बरु दलाल पुँजीवादी सत्ताले एक दिन बिदा लिनुपर्नेछ भन्ने विश्वास व्यक्त गर्दछु ।

त्यसैगरी पार्टी स्थायी समिति सदस्य कमरेड सुदर्शन, पीबीएम कमरेडहरू जीवन्त, रणवीर, सीसीएम कमरेडहरू बन्धु, असल, आदर्श, प्रज्वलन, शीतलसहित सयौँ कमरेडहरू बन्दी अवस्थामा हुनुहुन्छ । राज्यको कठोर दमन हुँदाहुँदै उहाँहरूले जेललाई मोर्चा बनाएर एकीकृत जनक्रान्तिलाई उचाइ प्रदान गरिरहनुभएको छ । उहाँहरू सबै उच्च सम्मानका पात्र हुनुहुन्छ ।

सहरी क्षेत्रको प्रभावको सन्दर्भमा तपाईंको प्रश्न र सरकारले गरेको विश्लेषण मिलेन । उसले सहरलाई हामीले केन्द्रित गरेको भनेको छ । यसो भनेर हामी सहरमा मात्र लागेका छौँ भन्न खोजेको होइन । आजको समाज त्यतिविधि गाउँ र सहरमा विभक्त छैन भन्ने हाम्रो पार्टीको विश्लेषण छ । आज सहरमा के चीज छ, गाउँमा पनि छ । गाउँमा जे भइरहेको छ सहरमा पनि हुन्छ । आज यो सत्ता र सरकारका विरुद्ध सहरमा जति असन्तुष्टि, आवेग, आक्रोश र विद्रोह छ त्यसबाट नै यो सरकार अत्तालिएको छ । जनताको असन्तुष्टि, आवेग र विद्रोहसँग त नेपाल कम्युनिस्ट पार्टी छ । हामी छौँ । हामी किन चिन्तित हुने ? तपाईं पनि उत्साहित बन्नुस् ।

» ***सरकारले वार्ता र प्रतिबन्ध दुवैको कुरा गर्दैछ ?***

- यो कुरा झूट र भ्रमपूर्ण छ । वास्तवमा सरकार हाम्रो पार्टी बनेदेखि नै प्रचारमा वार्ता, प्रयोगमा दमन, मुखले वार्ता व्यवहारमा फासिवाद, देखाउन वार्ता गर्ने दमनको नीतिमा छ । यो भनेको दमनभन्दा पनि खतरनाक चाल हो । सायद झापा विद्रोह र जनयुद्धको नकारात्मक अनुभवको प्रयोग हो । तर हामीले भनेका छौँ यो एकीकृत जनक्रान्तिकै एउटा विशेषता हो । उनीहरूलाई दमन मात्र भनेर चल्न असम्भव भएको छ किनकि हामीले जुन देशको स्वाधीनता र जनताको अधिकारका विषय उठाएका छौँ ती जनताका विषय हुन् ।

» ***प्रचण्डले आफ्नो नक्कल गरेको भने । तपाईंसँगै कुनै ताका युद्धमा होमिएका गृहमन्त्री रामबहादुर थापाले उपस्थिति फिचलो रहेको र चार कम्पनीको जनसरकारको अभ्यासमात्र भने ।***

- यसको एउटा कहानी नै पाउँछौँ हामी सायद तपाईंले पनि बुझ्नुहुन्छ । प्रचण्डसँग विद्रोह गर्दा हाम्राबारेमा के भन्थे यी तत्वले ? पद नपाएर, मौका नपाएर, व्यक्तिगत टकराव होइन त ! हाम्रो पार्टी पार्टी नै बन्दैन पनि त भन्थे हैन ? जब हामीले पार्टी बनायौँ अनि के भने ? विदेशीबाट चलेका छन्, भारतबाट निर्देशित छन्, दरबारबाट चलेका छन्, चीनबाट चलेका छन्, के भनेनन् ! अझपछि भने बिढङ्गो गर्छन्, समाप्त हुन्छन्, प्रभाकरणजस्तो बन्छन् !

तर आज तपाईंले भनेको पनि भन्दैछन् । हेर्नुस् त यिनको अनुहार कति मजाकलाग्दो, टीठलाग्दो र घृणास्पद छ ! यो त जनता आफैँले बुझिसकेका छन् नि ! अनि प्रचण्डले आफ्नो नक्कल गर्न खोजेको भनेको मैले पनि सुनेँ । हैन यो के बिजोग हो, के उट्पट्याङ र प्रहसन हो ! जसको धोती फुस्केर बेहाल छ, उनको नक्कल हास्यव्यङ्ग्यका लागि मनोज गजुरेलबाहेक अरूले कसले गर्ला र !

जहाँसम्म वर्गसङ्घर्ष, राजनीतिक सङ्घर्ष, देशको स्वाधीनताको लडाइँ, जनताको जीवनलाई गर्ने परिवर्तन, कम्युनिस्ट आन्दोलनलाई क्रान्तिमा सोझ्याउने विषय, वैज्ञानिक समाजवाद–साम्यवादका लागि सङ्घर्ष गर्ने विषय कम्युनिस्टको आधारभूत विचार र आदर्श हो । प्रचण्ड केही समय बाँदर राजाजस्तो झुल्किएर र उल्काजस्तो बिलाए । उनले हो क्रान्तिकारी वर्ग र बलिदानको आडमा क्रान्तिको नक्कल गरेको तर वैज्ञानिक समाजवादको मार्ग र कसी यस्तो छ जसले नक्कलीहरूलाई वर्षाको भेलले छाल लगाइदिएजस्तो लगाइदिन्छ । उनी हो नक्कलबाट नायक बन्न खोज्दा समाप्त भएको । हामी वैज्ञानिक समाजवाद–साम्यवादको आदर्शमा समर्पित छौँ र यो सफल भइछाड्नेछ ।

» ***लड्न सकिन्छ र भन्या' यत्रा सेना, प्रहरी अनि काङ्ग्रेस, वामपन्थी तागत तपाईंको राजनीतिक लक्ष्यविरुद्ध एक छन् । राज्यसंयन्त्र पूरै विपक्षमा छ ?***

- होइन, तपाईंलाई पनि केही भ्रम छजस्तो लाग्यो । यो भीमसेनको गदाको लडाइँजस्तो देखिएजतिसँग एकमैसै लड्ने भनेको होइन नि । तपाईंले भनेजस्तो सबै मान्छेहरू लगाम लगाएका टाँगाजस्ता पनि त छैनन् । यो २१ औँ शताब्दी हो र नेपाली जनता देशले भोगेका र जनताले झेलेका सारा समस्या र सङ्कटका साक्षी हुन् । देशको कुनै सेना–प्रहरी केवल सरकारका साधन मात्र होइनन्, जनताका छोराछोरी र नागरिक पनि हुन् । उनीहरूलाई राम्रोसँग थाहा छ देशको अवस्था र बेथितिहरूबारे ।

हामीले साफ गर्ने र फाल्ने भनेको त दलाल पुँजीपति, सुदखोर, भ्रष्टाचारी, तस्कर, ठग, राजनीतिको रडमा देश लुट्न हिँडेका बोकसवादीहरूलाई न हो । यी तत्वहरूलाई फाल्दा सेना र प्रहरीहरू हामीसँग किन लड्ने ? उनीहरूको आदेशलाई कहिलेसम्म आँखा चिम्लेर पालना गर्ने ! हाम्रो विचारमा यो हुनेछैन । असल देशभक्त, राष्ट्रवादी, इमानदार सेना, प्रहरी र कर्मचारीहरूले पनि हामीलाई साथ दिनेछन् । त्यसैले त हामीले भनेका पनि छौँ यसपटकको मोर्चा भनेको दलाल र देशभक्त, लुटेरा र श्रमिक जनता, भ्रष्ट र इमानदार, फासिवादी र जनवादीबीचको सङ्घर्ष हो । यसमा सेना पुलिसले पनि विचार गर्नुपर्छ । हाम्रो विचारमा यस्तो हुँदै गएको पनि आभास आउँछ ।

» ***भारत र चीनको पछिल्लो भूमिका तथा नेपालबारे उनीहरूको दृष्टिकोणलाई तपाईंले कसरी लिनुभएको छ ?***

-चीन र भारत दुवै आजको विश्वमा उदीयमान राष्ट्र हुन् । पुँजीको दबदबा भएको विश्वमा उनीहरू अगाडि आउँदैछन् । व्यापार युद्धको रणनीति सारमा सैन्य राजनीतिक सङ्घर्ष नै हो । जसले नयाँ हेरफेर नल्याएमा केही वर्षपछि उनीहरू अगाडि आउँदैछन् भन्ने अर्थविद्हरूको विश्लेषण छ । उनीहरूको नेपालप्रतिको दृष्टिकोण यसैद्वारा निर्देशित हुन्छ र छ ।

हामी २१ औँ शताब्दीमा पराधीन, पछौटे, उत्पीडित जीवन भोगिरहेका छौँ । नेपाली जनताले यस्तो जीवनको अन्त्य लामो समयदेखि चाहना राख्दै आएका छन् । हाम्रो पार्टीले जनचाहनाअनुरूप निर्णायक परिवर्तनको आवश्यकताबोध गरेको छ । छिमेकीहरूले यसलाई स्वीकार गर्नुपर्छ ।

» ***सरकारसँग वार्ता र सम्झौताको सम्भावनाचाहिँ के छ ?***

- हरेक विद्रोह र क्रान्ति वार्ताकै उच्चतम् रूप हुन् । जनता र देशका मुद्दाहरूले नै जनता र पार्टीलाई टेबुलबाट सडक, सडकबाट प्रतिरोध र प्रतिरोधबाट सशस्त्र क्रान्तिमा लैजान्छन् । राज्यले जनयुद्धबाट वार्तामा आउँदा ०६४ पछि गरेको बेइमानी दोहोर्‍याउँदैन र जनताका मुद्दालाई इमानदारीपूर्वक आत्मसाथ गर्छ भने हामी किन तर्किन्छौँ र ?

» ***वार्ताका लागि के गर्नुपर्छ ? तपाईंहरूको क्रान्ति वार्ताहीन हो र ?***

- क्रान्ति भनेको पुरानोको ध्वंस र नयाँको निर्माण हो । जनविरोधी राज्यको रूपान्तरण हो । हाम्रो देशको सन्दर्भमा दलाल पुँजीवादी सत्ताको अन्त्य र वैज्ञानिक समाजवादको स्थापना हो । यो वार्ताहीन हुन्छ कहाँ भनेका छौँ र ?

» ***कतिपय पक्ष तपाईंलाई पूर्वराजा र चीन तथा भारतसँग जोडेर सत्ता निकटका मानिस भनेर पनि चर्चा गर्छन् नि ?***

– हो, एउटा समय यस्तो थियो । मैले माथि नै चर्चा गरेँ । समयले सबै भ्रम प्रचारलाई साफ पारिदिएको छ । अहिले यसको चर्चा छैन । कसैको दिमागमा केही छ भने पनि उसलाई बेरोजगारीको खाडलमा सडिरहेको जीवनभित्र घोत्लिन र सक्रिय हुन मद्दतै गर्छ । चिन्ता लिनु पर्दैन । हामी वैज्ञानिक समाजवादका लागि एकीकृत जनक्रान्तिको मार्गमा छौँ । यसले नेपाली जनताको मन जित्दै सफलता चुम्नेछ ।

» ***पर्टीको तत्कालीन र दीर्घकालीन कार्यक्रम ?***

- देशको सत्ता रातारात टुप्पाबाट पलाएको दलाल पुँजीपतिवर्गको हातमा छ । सरकार कथित कम्युनिस्टको सामाजिक दलाल पुँजीवादी पार्टीको छ । यसले देशप्रति घात गर्दै, जनताप्रति घात गर्दै जनताको जीवन थेग्न नसक्ने गरी भ्रष्टाचार, तस्करी, महँगी, असुरक्षा, मानव तस्करी, गुलामी बढाइरहेको छ । त्यसको विरोध गर्दा हाम्रो पार्टीमाथि प्रतिबन्ध थोपरिएको छ । त्यस्तै सबैमाथि फासिवादी दमन भइरहेको छ ।

हामी केपी-प्रचण्डको यो भ्रष्ट एवम् राष्ट्रघाती बेथिति र फासिवादी दमनका विरुद्ध सबै कम्युनिस्ट, देशभक्त, लोकतान्त्रिक शक्ति, बुद्धिजीवी, विश्लेषक, नागरिक व्यक्तित्व, साहित्यकार, कलाकार, उद्योगी-व्यवसायीसँग हातेमालो गर्न चाहन्छौँ । यो दलाल पुँजीवादी सत्तालाई मिल्काएर नेपालमा पुँजीवादभन्दा बिलकुलै नयाँ र जनवादी वैज्ञानिक समाजवाद स्थापना गर्न चाहन्छौँ ।

» ***अन्तर्राष्ट्रिय वातावारण तपाईंको अनुकूलको छैन । रणनीतिमा परिवर्तन जरुरी ठान्नुहुन्न ?***

- कुनै पनि राजनीतिको प्रधान पक्ष राष्ट्रिय परिस्थिति हो । हामी उत्पीडित छौँ, हेपिएका र दमित छौँ । हामीमाथि असमान सन्धिसम्झौता थोपरिएका छन् । हाम्रा जनताको जीवन कष्टकर छ । हामी यसलाई फेर्न चाहन्छौँ भने अन्तराष्ट्रले सहयोग गर्नुपर्छ । आजसम्म आफ्नोभन्दा विदेशीको मुख ताक्दा र मागन्ते तरिका प्रयोग गर्नाले त यो अवस्था बनेको हो ।

तपाईंले भनेको रणनीतिक परिवर्तन सायद वैज्ञानिक समाजवादी क्रान्ति छोडेर संसदीय व्यवस्थामा आउने भन्न खोज्नुभएको होला, त्यो गलत हुन्छ । हरेक आन्दोलन र क्रान्तिलाई संसदीय पुँजीवादी व्यवस्थामा हुल्दा त हाम्रो देशले यो अवस्था भोग्नुपरेको हो । संसद्बाट संसद्, पुँजीवादबाट पुँजीवाद, दलाल पुँजीवादबाट दलाल पुँजीवादमा घुमेर हाम्रा जनताको अवस्थामा परिवर्तन सम्भव छैन । जुन वस्तु समस्या हो त्यसैमा फर्किने रणनीति बनाउनु हुँदैन । समाधान गर्ने रणनीतिलाई छोड्नु हुँदैन । बरु सबै मिलेर एकपटक वैज्ञानिक समाजवाद निर्माण गरौँ ।

» ***केही मानिस तपाईं र प्रचण्डबीचको हिमचिमको पनि कुरा गर्छन् नि ?***

–हाम्रा साथीहरूसँगको भेटघाटमा प्रचण्डजीले 'हुन्छ भने म पनि वैज्ञानिक समाजवादी क्रान्तिका पक्षमा छु' भन्ने गरेको कुरा मैले सुनेको छु ।

» ***अरू पार्टीपङ्क्ति र समूहसँग एकता र कार्यगत एकताका पनि कुरा छन् कि ?***

- ठीक भन्नुभयो । हाम्रो पार्टीसँग अन्य क्रान्तिकारी कम्युनिस्ट पार्टी, देशभक्त शक्ति, लोकतन्त्रवादी मित्र, बुद्धिजीवी, साहित्यकार, कलाकार व्यक्तित्वहरूसँग भिन्न विषयमा छलफल हुने गरेको छ । देश र जनताको हितका विषयमा भएका छलफल निकै उत्साहपूर्ण र विश्वासिला खालका छन् । हामीलाई त्यसले निकै उत्साहित पारिरहेको छ । पार्टीमाथि प्रतिबन्ध लगाउँदा जसरी कमरेड र मित्रहरूले सत्यका पक्षमा दृढतापूर्वक उभिँदै प्रतिबन्धका विरुद्ध बोल्ने साहस गर्नुभएको छ, त्यो अतुलनीय छ ।

पार्टी एकताका लागि कमरेड किरण, कमरेड ऋषि कट्टेल, कमरेड गोपाल खम्बुलगायतसँग छलफल चलिरहन्छ । अनि सरकारी नेकपाभित्रकै केही साथीहरूसँग कुरा भइरहेकै छ । कैयौँ देशभक्त शक्ति र नेपाली काङ्ग्रेसभित्रका पनि लोकतन्त्रवादीहरूसँग सहकार्य भइरहेको छ । देशलाई माया गर्ने पूर्वजनरल र आईजी, एआईजी, डीआईजीहरूको सद्भावलाई विनम्रतापूर्वक ग्रहण गरेका छौँ । त्यस्तै नेपालका लागि नेपाली भन्ने अभियानका मित्रहरू डा.सुरेन्द्र केसी, नायिका रेखा थापा, नरबहादुर कार्कीहरूको भूमिकालाई हामीले स्वागतयोग्य ठानेका छौँ ।

» ***तपाईं भूमिगत कि अर्धभूमिगत ? स्वदेशमा कि विदेशमा ? प्रचण्ड नेतृत्व समयकै जस्तो त होइन ?***

–जनतासँग बस्ने र बिताउने समय कति सुखद र आनन्दमय हुन्छ त्यो प्राप्त गर्ने सौभाग्य हामीलाई मिलेको छ । राज्यसँगको लुकामारीको त झन् कुरै नगरौँ । मैले कोरेको छु :

*मेरो रगत बग्यो भने यही पवित्र माटोमा मिलोस्*
*शरीर ढल्यो भने प्रिय सहिद–सपूतहरूसँगै सुतोस् !*
*नलागोस् खोट, आदर्श बाँचिरहोस्*
*खपेर सारा चोट सपना चम्किरहोस् !*

स्रोत : khabarhub.com
(शीर्षक हामीले दिएका हौँ- **सम्पादक** ।)

## शान्तिप्रक्रिया ......

माफिया, भूमाफिया आदिको हालीमुहाली छ । जनतामा शान्तिसुरक्षाको प्रत्याभूति छैन । राष्ट्रघाती सम्झौता भएका छन् । सीमा अतिक्रमण भैरहँदा सुरक्षा गर्न सकिरहेको छैन । राष्ट्रिय स्वाधीनताको खिल्ली उडाउँदै विदेशीलाई नागरिकता बिक्री गरिँदैछ । सार्वभौमसत्ता सम्पन्न जनताको प्रतिनिधिमूलक संस्था भनिएको संसद् सरकारको छायाजस्तो बनेको छ । महाभियोग, संसदीय सुनुवाइ, संवैधानिक परिषद् र न्यायपरिषद्को संरचनाको कारण न्यायालय सरकारको अधीनस्थ अङ्गका रूपमा देखिन्छ । मानवअधिकार आयोगलाई सरकारको शाखा कार्यालयजस्तो बनाउन खोजिएको छ । समृद्धिका नाममा भ्रष्टाचारलाई संस्थागत गरिँदैछ । यी सबै घटनाबाट सरकार संसदीय निरङ्कुशतामा अगाडि बढेको देखिन्छ ।

एकातिर देशको यो अवस्था देखिन्छ भने अर्कोतिर शान्तिप्रक्रियाको पक्षधर विद्रोही माओवादी विभाजित भएर बनेको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले दलालहरूद्वारा सञ्चालित संसदीय पद्धति नेपालमा लागू हुन नसक्ने, यो पद्धति नेपाली जनताका पक्षमा हुन नसक्ने र यसको विकल्पमा वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्नुपर्ने भन्दै सङ्घर्ष अघि बढाएको देखिन्छ । संविधानमा दल खोल्न पाउने स्वतन्त्रतालाई मौलिक हकका रूपमा उल्लेख छ तर सरकारले नेपाल कम्युनिस्ट पार्टीलाई आपराधिक समूह भन्दै प्रतिबन्ध लगाएको छ । विचार र आस्थाकै आधारमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता र पेसाकर्मीहरूलाई दिनहुँ पक्राउ गर्ने र हिरासतमा राख्ने क्रम तीव्र पारिएको छ । अदालतको आदेशलाई जानाजान अवज्ञा गर्दै अदालत हाताबाट नै पुनः पक्राउ गरी विभिन्न जिल्लामा घुमाउने र पञ्चायती शैलीमा आत्मसमर्पण गराउने गरिएको छ । आज पनि सो पार्टीका नेता र कार्यकर्ताहरू विभिन्न जेल र हिरासतमा रहेका छन् । यो विषय पनि आजको बहसको गम्भीर विषय हो । लामो समयदेखि सशस्त्र द्वन्द्वबाट आक्रान्त जनता यो स्थिति देखेर झस्कन पुगेका छन् । यो नेपाली जनता पूर्ण रूपमा सार्वभौमसत्ता हुन नसकेको दृष्टान्त हो । नेपालको राजनीतिक परिवर्तनको इतिहासमा खासगरी २००७ सालमा जसरी दिल्ली सम्झौतामा गएर आन्दोलन टुङ्गिएको थियो, २०४६ सालमा पनि त्यसरी नै टुङ्गियो । २०६२-६३ सालमा पनि दिल्लीमा नै नेपालको राजनीतिक क्रान्तिलाई सम्झौतामा टुङ्ग्याइयो । यो निरन्तरतालाई नेपाल कम्युनिस्ट पार्टीले अन्त्य गर्दै नेपालीले नेपालमा क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादी राज्य व्यवस्था गर्ने दाबी गरिरहेका छन् । यो पनि आजको बहसको विषयवस्तु हो ।

### निष्कर्ष

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक आधारमा वर्गीय, क्षेत्रीय, जातीय एवम् लैङ्गिक उत्पीडन एवम् विभेदको अन्त्यका लागि नेपाली जनताले चलाएको सङ्घर्ष, क्रान्ति, जनयुद्ध एवम् जनआन्दोलन सार्थकतामा टुङ्गिन नसकेको यथार्थ हो । हजारौँ नागरिकहरू बेपत्ता भए, हजारौँले ज्यान गुमाउनुपर्‍यो, अङ्गप्रत्यङ्ग गुमाउनुपर्‍यो र घरबारविहीन हुनुपरेको यथार्थ पनि हामीसामु छ । सहिद र बेपत्ता योद्धाहरूले चाहेको जस्तो परितर्वन हुन सकेन । परिवर्तनका लागि सहिदले बगाएको रगत, बेपत्ता योद्धाले गरेको त्याग र समर्पण, जनताले भोगेका पीडाको युद्ध र आन्दोलनको नेतृत्वतहबाट कुनै मूल्यबोध गर्न सकेको देखिएन । जनयुद्ध र जनआन्दोलनको म्यान्डेटको सम्मान गर्नेतर्फ सरकार सञ्चालक, राजनीतिक दलका नेतृत्व सधैँ उदासीन देखिँदै आएको छ । सरकारमा बस्नेहरूले यथास्थितिमा रमाउँदै यथास्थितिका पृष्ठपोषक, युद्ध, आन्दोलन र क्रान्ति दबाउनेहरूलाई नै पुरस्कृत गर्दै आएका छन् ।

२०७२ को नेपालको संविधान, वर्तमान राजनीतिक परिस्थिति, शान्तिप्रक्रियाको गति एवम् राजनीतिक दल र तिनका नेताहरूको प्रवृत्तिबाट बेपत्ता नागरिकहरू सार्वजनिक हुने सुनिश्चितता देखिन्न । विस्तृत शान्तिसम्झौता निष्कर्षमा पुग्न सक्ने पनि देखिन्न । बेपत्ता नागरिकको स्थितिबारे सार्वजनिक नभएसम्म शान्तिप्रक्रिया पूरा भएको मान्न पनि सकिन्न । त्यसैले २००७ सालदेखिको आन्दोलन एवम् सङ्घर्षलाई अन्त्यमा धोकापूर्ण सम्झौतामा अन्त्य गर्ने र लक्ष्यसम्म नपुर्‍याउने निरन्तरताको र यसप्रकारको गलत चिन्तन र प्रवृत्तिको अन्त्य आजको आवश्यकता हो । यसका लागि विभिन्न ढङ्गले पीडा भोग्न बाध्य एवम् उत्पीडित आमनेपाली जनता, देशभक्त, राष्ट्रवादी, जनपक्षीय एवम् परिवर्तनका पक्षधर सम्पूर्ण शक्तिहरू एक भएर अगाडि बढ्नुको विकल्प छैन । सहिद र बेपत्ता योद्धाहरूको बाँकी सपना पुरा गर्नुपर्छस यो हाम्रो दायित्व हो ।

(प्रस्तुत आधारपत्र बेपत्ता योद्धा विपीन भण्डारी र दिलबहादुर राईको स्मरणमा २०७६ असार ३ गते काठमाडौँमा आयोजित विशेष अन्तर्क्रिया कार्यक्रममा वरिष्ठ अधिवक्ता एकराज भण्डारीद्वारा प्रस्तुत गरिएको हो- सम्पादक)

समाचार विश्लेषण

# पूर्वी कमान्डमा कम्पनी घोषणाको दिन

माघ १० गते नेपाली क्रान्तिमा एउटा ऐतिहासिक दिन थियो । गएको वर्ष त्यही दिन नेकपा पूर्वी कमाण्डमा जनमुक्ति सेनाको कम्पनी विन्यास भएको थियो । प्रचण्ड-बाबुरामले छलकपट गरी राक्षस जालन्धरले झैं छलछाम गरेर विघटन गराएको जनमुक्ति सेना केही दिनअघि कम्पनी स्तरमा निर्माण गरिएको थियो ।

पूर्वको राजधानी मोरङ जिल्लाको केराबारी गापा तामिटारमा युवाहरू बिहानै कवाज खेलेर नयाँ इतिहास लेख्न इच्छाशक्ति र मनोबलले तम्तयार थिए । कार्यक्रमको अध्यक्षता निर्मलले गरेका थिए । लेउती खोला मोर्चाका बहादुर कमाण्डर जोखिमले उत्साहपूर्वक कार्यक्रम सञ्चालन गरिरहेका थिए । कार्यक्रमका प्रमुख अतिथि भने कमाण्ड इन्चार्ज विरही थिए । जनमुक्ति सेनाका दर्जनौं युवाले सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दा छुट्टै अर्थबोध हुन्थ्यो । कमरेड साइरनले उक्त ऐतिहासिक क्षणको महत्वबोध गराउँदै स्वागत मन्तव्य राखेका थिए । कार्यक्रम कमरेड माधव गौतम 'आकाश' ले बन्दुकको बलमा टिकेको सामाजिक दलाल सत्ता बन्दुकको बलमा मात्र विघटन हुनसक्ने भएकाले क्रान्तिकारी विचारसहित बन्दुकले विघटन गर्ने यात्रामा आफूहरू लागेको बताएका थिए ।

कार्यक्रममा सहभागी धनकुटा-मोरङ संयुक्त जिल्ला समितिका इन्चार्ज देवबहादुर लिम्बू 'सङ्गीत' ले प्रचण्डले क्रान्तिको नयाँ चुनौती सामना गर्नसक्ने विचारमा विकास गर्न नसक्दा क्रान्तिकारी आन्दोलनबाट पलायन भएको र संसद्वादतिर पलायन भएको बताएका थिए । उनले विचारमा विकास गर्नुपर्ने चुनौती युवाहरूमा रहेको पनि बताए ।

कोसी ब्युरोका संयोजक पुष्करले भनेका थिए, 'जनयुद्धमा जनसेनाले हारेको थिएन । प्रचण्ड-बाबुरामले हारेका हुन्, गलेका हुन् । सामाजिक दलाल संसदीय व्यवस्था पूर्ण रुपमा ध्वस्त बनाउन जनसेना गठन गरिएको हो । लाखौं युवाहरूलाई खाडीमा धकेलेर उनीहरूको रगतपसिनामा प्रचण्ड-बलीमण्डलीले मस्ती गरिरहेको छ । त्यसको विकल्प वैज्ञानिक समाजवादी व्यवस्था हो ।'

कार्यक्रममा कवि तथा गायकहरू सूर्य दियाली, फेमस, भोलादेवी पाठक (दुर्गा) र भीमप्रसाद गुरुङले आफ्ना गीत र गजल वाचन गरेका थिए ।

कार्यक्रमका अध्यक्ष निर्मलले युद्धमा सहभागी कार्यकर्ताहरूलाई त्यहीअनुसारको जीवनशैली अपनाउन, अध्ययनको स्तर उठाउन, कडा परिश्रम गर्न र दृढ मनोबलका साथ अघि बढ्न निर्देशन दिएका थिए ।

प्रमुख अतिथि विरहीले क्रान्तिकारी आन्दोलन सोभो बाटोबाट नभएर नागबेली आकारमा अगाडि बढ्ने बताए । उनले मङ्सिर ८ गते अगाडि र त्यसपछिको परिस्थितिको चित्रण गर्दै समाजको वस्तुगत अवस्था र विकासका नियमहरूको अध्ययन गर्न र आफ्नो विजयप्रति विश्वस्त हुन अपिल गरेका थिए ।

उनले कार्लमार्क्सको पद्धति स्मरण गर्दै हतियारको आलोचनालाई आलोचनाको हतियारले पराजित गर्न नसकिने बताएका थिए । यो उक्ति कार्ल मार्क्सले आफ्ना समकालीन संशोधनवादीहरूका विरुद्ध व्यक्त गरेका थिए । जसले शान्तिपूर्ण ढङ्गले समाजमा परिवर्तन ल्याउन सकिन्छ भन्थे कार्ल मार्क्सको उक्त कथन आज पनि उत्तिकै सही छ । एउटै वर्गभित्र सुधारको आन्दोलन आजसम्म कहींकतै सम्भव भएको छैन । त्यसकारण सत्ता परिवर्तनमा बल प्रयोगको सिद्धान्तलाई मार्क्सवादको आधारभूत सिद्धान्त मानिन्छ । संशोधनवादीहरूले त्यसको विरोध गर्दै आएका छन् । नेपाली क्रान्ति गर्न पार्टी, जनसेना र संयुक्त मोर्चालाई सुदृढ गर्दै लगेको छ । त्यसले जनतामा नयाँ आशा पलाएको छ । निराश जनता र देशभक्त शक्तिहरूलाई आशावादी बनाएको छ । आरसीपी अमेरिकाका अध्यक्ष बब अभाकियनले भनेभैं नेकपा आशाविहीनहरूको आशा (जयउभ या तजभ जयउभभिकक) बनेको छ ।

कार्यक्रममा सहभागी युवाहरू, स्थानीय कार्यकर्ता, नेताहरू र स्थानीय गरी सैन्यको सहभागिता रहेको कार्यक्रम उत्साहपूर्वक समापन गरिएको थियो ।

# विस्फोटका घाइते र परिवारलाई सरकारले दियो यातना

■ रातो खबर संवाददाता/काठमाडौं

काठमाडौंको विस्फोटमा घाइते भएकाहरूका आफन्तले सरकारले घाइते र परिवारका सदस्यहरुलाई मानसिक तनाव दिइरहेको बताएका छन् ।

घाइतेका आफन्तले उपचार गर्न पाउने संविधानप्रदत्त अधिकारसमेत हनन गर्दै प्रहरीले अस्पतालको सघन उपचार कक्ष (आईसीयू) मै गएर 'टर्चर' दिइरहेको आइतबार राजधानीमा पत्रकार सम्मेलन गरेर बताएका छन् । घाइतेलाई मात्रै होइन, आफूहरूलाई समेत बिनाकारण विप्लव नेतृत्वको नेकपासँग जोडेर मानसिक तनाव दिइरहेको उनीहरूको गुनासो छ ।

विस्फोटमा घाइते भएका हरिबहादुर खड्काका छोरा जीवन खड्काले पत्रकार सम्मेलनमा आफ्नो बुबालाई बिनाकारण नेपाल कम्युनिस्ट पार्टीसँग जोडेको गुनासो पोखे । उनले भने, 'एउटा सामान्य मान्छे कपाल काट्न जान्छ', उनको आक्रोश छ, ' त्यहाँ कपाल काटेर फकिँदै गर्दा विस्फोट भएर सीधै अस्पताल ल्याइन्छ भने उहाँलाई विप्लवको कार्यकर्ता कसरी भन्न मिल्छ ?'

सुकेधाराको विस्फोटमा परेर घाइते भएका खड्काको एउटा खुट्टाको हड्डी र एउटा हातको औंला पनि भाँचिएको छ । आफ्नो बुबा सामान्य नागरिक भएको र कपाल काटेर फर्किँदै गर्दा विस्फोटमा परेको भन्दै उनी राज्यले उपचार खर्च बेहोर्नु पर्ने माग गर्छन् । 'हाम्रो जति पनि खर्च भएको छ, त्यो राज्यले बेहोर्छ कि बेहोर्दैन ?', उनको प्रश्न छ, 'मेरो बुबा एउटा समान्य नागरिक हो । उहाँ पसल चलाएर बसेको मान्छे । पसल चलाएर हामीलाई पढाउँदै हुनुहुन्छ ।'

घाइते हरिबहादुरकी श्रीमती राधिकाले बिनाकारण आफ्नो पतिलाई विप्लव पार्टीको कार्यकर्ता भनेको र जेठो छोरालाई प्रहरीले पटकपटक मानसिक तनावसमेत दिइरहेको गुनासो गरिन् । 'सरकारले विप्लवको पार्टीको मान्छे भनेको छ', उनले भनिन्, 'त्योचाहिँ होइन । हामीलाई केही पनि थाहा छैन । विप्लवको मान्छे भएको भए त हामीलाई थाहा हुन्थ्यो नि ।'



प्रहरीले आफूलाई पनि सोधखोज गरेको र छोरालाई रातिराति बोलाएर दुःख दिइरहेको गुनासो पोख्दै उनले भनिन्, 'प्रहरीले मलाई पनि धेरै सोधखोज गरे । मेरो छोरालाई पनि राती लैजाने, छोरालाई धेरै दुःख दिइरहेको छ । छोराको कार्ड पनि लिएर गएका छन् । तैं पनि त्यही पार्टीमा संलग्न भएको रहिछस्, हामीले घटनास्थलमा भेटेको भनेर मेरो जेठो छोरालाई धेरै तनाव दिएका छन् ।'

थानकोट विस्फोटमा विक्रम लामा घाइते भए । उनकी श्रीमती सन्तोषी श्रेष्ठले घाइते श्रीमान् र आफूलाई विप्लवको मान्छे भन्दै प्रहरीले दुःख दिइरहेको गुनासो गरिन् ।

विस्फोटले आँखामा क्षति पुगेका लामाको सहिद मेमोरियल अस्पतालमा उपचार भइरहेको छ । उपचारकै क्रममा प्रहरीले आईसीयूमै गएर यातना दिएको र उपचार पूरा नहुँदै भइनसक्दै डाक्टरलाई डिस्चार्ज गर्न प्रहरीले दबाब दिइरहेको सन्तोषीले बताइन् ।

'सरकारी निकायले श्रीमान्‌लाई टर्चर दिइरहेका छन्', उनले दुखेसो गरिन्, 'प्रहरी प्रशासनले उपचार गर्ने डाक्टरलाई पनि टर्चर दिइहेको छ । हामी अनुसन्धानबाट भागेका पनि छैनौं । उहाँहरूले मजाले अनुसन्धान गर्नुहोस् । तर मेरो माग यत्ति हो- घाइतेलाई पूर्ण रूपले निको हुन दिनुहोस् । उपचार पूर्ण रूपमा नहुँदै आईसीयूमै गएर प्रहरीले आजै लैजान्छु, भोलि लैजान्छु भन्दा उहाँलाई मानसिक समस्या बढेको छ । बिरामीको समस्या झन् बिग्रेको छ ।'

प्रहरीले आफूहरूलाई विप्लवको बिल्ला भिराएपछि घरधनीले समेत डेरा छोड्न दबाब दिइरहेको उनको गुनासो छ । 'हाम्रो पसल छ । त्यसको सामान ल्याउँछु भनेर जानुभएको थियो', घटना सम्भँदै उनले भनिन्, 'त्यो घटना भएको मलाई थाहा पनि छैन् । प्रहरीले भनेपछि मात्रै थाहा भयो । प्रहरीले घरधनीलाई मान्छे हेरेर मात्रै राख्नु पर्दैन भन्यो । त्यसपछि घरधनीले घर छोड्न दबाब दिइरहेका छन् । हामी कस्तो खालका मान्छे हौं भन्ने त सबैलाई थाहा छ ।'

प्रहरीले घाइतेलाई आफ्नो निगरानीमा राखेकाले उपचार खर्च पनि सरकारले नै बेहोर्नुपर्ने उनको माग छ । उनले भनिन्, 'खर्च उहाँहरू आफैँले गर्नुपर्ने हो तर उहाँहरूले गर्नुभएको छैन । हामीले ऋण खोजेर उपचार खर्च गरिरहेका छौं ।'

# प्रतिबन्ध चिर्दै अखिल (क्रान्तिकारी) को विरोधसभा

■ रातो खबर संवाददाता/तनहुँ

सरकारले प्रतिबन्ध लगाउँदालगाउँदै प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) तनहुँले विरोधसभा सम्पन्न गरेको छ । तनहुँको भानु नगरपालिका कुकुर्दीस्थित कालिका माविमा विरोधसभा आयोजना गरिएको सङ्गठनले जनाएको छ ।

यसैगरी तनहुँको छाब्दी माविका शिक्षकहरूसँग संगठनले अन्तरक्रिया गरेको जानकारी एक विद्यार्थी नेताले दिएका छन् । गत जेठ २५ गते घान्द्रुकको उरीबाट विद्यार्थीहरूको शान्तिपूर्ण बैठकमा घेरा हाली १८ जना नेता-कार्यकर्तालाई गिरफ्तार गरेको र उच्च अदालतले निर्दोष साबित गर्दै रिहाइको आदेश दिँदासमेत पुनः पक्राउ गरेको विरोधमा सभा आयोजना गरिएको बताइएको छ ।

देशैभर बाट प्रहरीले विद्यार्थीलाई गिरफ्तार गर्ने र झुट्ठा मुद्दा लगाउने क्रम बढेकाले विरोधसभा आयोजना गरिएको जानकारी एक विद्यार्थी नेताले दिए ।

यसै सिलसिलामा आइतबार कास्की र तनहुँका विभिन्न स्कुल र क्याम्पसहरूमा कालो ब्यानर टाँगिएको क्रान्तिकारीले जनाएको छ ।

यसैगरी विद्यार्थीमाथि प्रहरीले गरेको दमनको विरोधमा यही असार छ गते अखिल (क्रान्तिकारी) ले कास्कीलगायत विभिन्न ११ जिल्लामा आम शैक्षिक हडताल आयोजना गरेको छ । घान्द्रुकबाट हिरासतमा लिइएका १८ जनामध्ये नौजनालाई राज्यविरुद्धको मुद्दा र बाँकीलाई सार्वजनिक मुद्दा लगाइएको थियो ।

राज्यविरुद्धको मुद्दा लगाइएकाहरूले गरेको बन्दीप्रत्यक्षीकरण रिटमा उच्च अदालतले रिहा आदेश दिएपछि प्रहरीले उच्च अदालत परिसरबाटै विद्यार्थी नेताहरूलाइ पुनः पक्राउ गरेर मुद्दा चलाउने तयारी गरिरहेको स्रोतले जनाएको छ । बाँकी सार्वजनिक मुद्दा लगाइएका केही विद्यार्थीलाई सोमबार रिहा गरेको छ भने विद्यार्थी दीपेन्द्र बुढालाई पुनः पक्राउ गरी पर्वत लैजाने तयारी गरिरहेको बुझिएको छ । प्रहरीले राजनीतिक आस्थाका आधारमा विद्यार्थीमाथि यस्तो दमनकारी नीति अपनाएपछि अखिल (क्रान्तिकारी) आक्रोशित बनेको छ ।

# बझाङमा जिप दुर्घटना, १० जनाको मृत्यु

■ रातो खबर संवाददाता/बझाङ

जिप दुर्घटना हुँदा मृत्यु हुनेको सङ्ख्या १० पुगेको छ । सदरमुकाम चैनपुरनजिकै रहेको डुङ्ग्रीबाट मष्टा गाउँपालिका जाँदै गरेको से १ ज १०७२ नम्बरको जिप मष्टा गाउँपालिका वडा नम्बर १ डौठी भन्ने ठाउँमा दुर्घटना भएको हो । दुर्घटनामा १० जनाको घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ भने ५ जना घाइते भएका छन् ।

दुर्घटनामा परी एकै गाउँका ७ जना मारिएका छन् भने एकै परिवारका ३ जनाको मृत्यु भएको छ । स्थानीय रामचन्द्र रोकायाका अनुसार मष्टा गाउँपालिका वडा नम्बर १ कोटदेवलका ५० वर्षीय कलक खड्का, उनकी श्रीमती ४८ वर्षीया जुनधारा खड्का र उनका १२ वर्षीय छोरा सरोज खड्काको मृत्यु भएको छ । यस्तै सोही गाउँका १९ वर्षीय हिक्मत खड्का, ५२ वर्षीय धौलीदेवी खड्काको पनि ज्यान गएको छ । कोटदेवलकै १५ वर्षीया जुना खड्का र ८ वर्षीया विपना खड्का पनि दुर्घटनामा मारिएका छन् । दुर्घटनामा परी मष्टा गाउँपालिका वडा नम्बर १ रनाडाका ३० वर्षीय भक्त र ३५ वर्षीया लक्ष्मीको पनि मृत्यु भएको वडा प्रहरी कार्यालयका प्रहरी नायबनिरीक्षक माहानन्द जोशीले बताए । उनका अनुसार चालक मष्टा गाउँपालिका वडा नम्बर १ जिनाडाका २२ वर्षका सुरेन्द्र थापाको पनि दुर्घटनामा परी ज्यान गएको छ ।

घाइते तीनजनालाई हेलीकोप्टरमार्फत नेपालगन्ज लगिएको छ । तीनैजनाको अवस्था गम्भीर रहेको जिल्ला अस्पताल सिमखेतका डाक्टर सन्दीप ओखेडाले बताए । उनका अनुसार मष्टा गाउँपालिका १ का १२ वर्षीय गणेश खड्का, २३ वर्षीय गोकुल शाही र ३३ वर्षीय जनक गम्भीर घाइते छन् । वडा नम्बर १ कै ३५ वर्षीय अनिता र १५ वर्षीया सङ्गीता खड्कालाई पनि नेपालगन्ज पठाइएको छ । मृतक सबैको शव पोस्टमार्टमका लागि जिल्ला अस्पतालमा राखिएको छ ।

मष्टा गाउँपालिकाको वडा नम्बर १ शोकमा डुबेको छ । एकै वडाका १० जनाको मृत्यु भएपछि गाउँ नै शोकमा डुबेको हो । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायबउपरीक्षक सूर्यबहादुर केसीले क्षमताभन्दा बढी यात्रु, उकालो र साँघुरो सडकका कारण दुर्घटना भएको हो । जिप सडकबाट ५ सय मिटर तल भिरमा खसेको थियो ।

# युवाहरूको भ्रष्टाचारविरोधी अभियानबाट सरकार डरायो

■ रातो खबर संवाददाता/

नेकपा निकट युवा सङ्गठनका केन्द्रीय सदस्य जाहेर राइन र उक्त सङ्गठनका जनकपुर इन्चार्ज राजनलाई प्रहरीले बिनाकारण पक्राउ गरेको भन्दै युवा सङ्गठनले बिनासर्त रिहाइको माग गरेको छ । सङ्गठनका केन्द्रीय अध्यक्ष पाटन जङ्गलीले मङ्गलबार प्रेसविज्ञप्ति जारी गर्दै कथित बादल गृह प्रशासनले नेपाली जनतामाथिको धरपकड र ज्यादतीलाई शृ‌ङ्खलाबद्ध ढङ्गले व्यापक गर्दै लग्ने क्रममा आफ्नो सङ्गठनका नेताहरूलाई गिरफ्तार गरी झुट्ठा मुद्दा लगाएको भन्दै आपत्ति जनाएका छन् ।

युवाका अध्यक्ष जङ्गलीको विज्ञप्तिमा आफ्नो सङ्गठनले न्याय, समानता र स्वतन्त्रताका पक्षमा आवाज उठाउँदै सुरु गरेको भ्रष्टाचारविरुद्धको अभियान र आन्दोलनबाट अत्तालिएर सरकारले कथित प्रतिबन्धका नाममा नेपाली जनतामाथि चरम दमन गर्दै आइरहेको उल्लेख गरिएको छ । युवाहरूले देशैभर सुरु गरेको भ्रष्टाचारविरोधी आन्दोलनबाट अत्तालिएका कारण सरकारले बिनाकारण आफ्ना नेता-कार्यकर्तालाई पक्राउ गरेको भन्दै उनीहरूको बिनासर्त रिहाइको माग गरिएको छ ।

# दमनका लागि एक कदम पनि अघि नबढ्न चेतावनी

नेपाल कम्युनिस्ट पार्टी झापाले सरकारले आफ्नो पार्टीका नेता-कार्यकर्तामाथि दमन गरेको भन्दै यस्तो हर्कत बन्द गर्न चेतावनी दिएको छ । उक्त पार्टीका झापा सेक्रेटरी मनीषले आइतबार प्रेसविज्ञप्ति जारी गर्दै दलाल पुँजीवादी सत्ताको असली कारिन्दाका रूपमा केपी-पीके नेतृत्वको दलाल सामाजिक फासिवादी सरकार राष्ट्रले र जनताका पक्षमा उभिएको जनताको पार्टी र आवाजलाई दबाउन आफ्नो पार्टीमाथि दमन गरेको बताएका छन् ।

साथै विज्ञप्तिमा असार १ गते आफ्नो पार्टीका झापा जिल्ला सदस्य चललाल माझी र कुमार मैनाली दुवैजना पार्टीको कामका सिलसिलामा हिँड्दै गर्दा बिर्तामोडबाट सादा पोसाकको प्रहरीले अपहरण शैलीमा पक्राउ गरेको उल्लेख छ । साथै विज्ञप्तिमा आफ्नो पार्टीको लडाइँ दलालहरूसँग भएको बताउँदै झापाका प्रहरी प्रशासन र राष्ट्रसेवक कर्मचारीहरूलाई क्रान्तिकारीहरूलाई क्रान्तिमाथि दमन गर्न एक कदम पनि अगाडि नबढ्न विज्ञप्तिमा अनुरोध गरिएको छ ।

# प्रहरी परिचालन र धरपकड बन्द नगरे सङ्घर्षमा उत्रने चेतावनी

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी सेती-महाकाली ब्युरोले विज्ञप्ति जारी गरी केपी-पीकेको निर्देशनमा बादल गृह प्रशासनले जिल्लाहरूमा व्यापक प्रहरी परिचालन गर्दै जनतालाई आतङ्कित पारेको भन्दै आपत्ति जनाएको छ । ब्युरो इन्चार्ज निर्माणले कैलालीको चुरे क्षेत्रमा संयुक्त सुरक्षाफौज परिचालन गर्नुका साथै काठमाडौंमा भएको बम विस्फोटमा परी सहिद भएका बझाङका विद्यार्थी नेता प्रज्वल शाहीको परिवार र गाउँलेलाई आतङ्कित पार्ने काम गरिरहेको पनि विज्ञप्तिमा जनाएका छन् ।

यस्तै अछाममा पनि गाउँगाउँमा प्रहरी परिचालन गरिएको र घरमै सुतिरहेका पार्टी कार्यकर्ता पदम बुढालाई गिरफ्तार गरी झुट्ठा मुद्दामा फसाउने षड्यन्त्र भएको पनि उनले बताएका छन् । इन्चार्ज निर्माणले कतिपय पार्टीका नेता-कार्यकर्तालाई पार्टी छाड्न धम्कीसमेत दिने गरेको भन्दै त्यसप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

साथै उन गाउँगाउँमा परिचालित प्रहरी फिर्ता गर्न, झुट्ठा मुद्दामा बन्दी बनाइएका नेता-कार्यकर्तालाई बिनासर्त रिहा गर्न, गैरकानुनी गिरफ्तारी रोक्न र राज्यआतङ्क बन्द गर्न पनि माग गरेका छन् ।

राज्यले प्रहरी प्रशासनको दुरुपयोग गरी दमन र धरपकडलाई निरन्तरता दिए त्यसको सशक्त प्रतिरोध गर्न बाध्य हुने चेतावनी उनले दिएका छन् । त्यसको जिम्मेवार स्वयम् सरकार हुनेसमेत इन्चार्ज निर्माणको चेतावनी छ ।

'कथित बादल गृह प्रशासनले नेपाली जनतामाथिको धरपकड र ज्यादतीलाई शृ‌ङ्खलाबद्ध ढङ्गले व्यापक गर्दै लगेको छ । यसै क्रममा हाम्रो सङ्गठनका केन्द्रीय सदस्य क. जाहेर राइन र केही दिनअगाडि गिरफ्तारीमा पर्नुभएका सङ्गठनका जनकपुर ब्युरो इन्चार्ज क. राजनलाई सङ्गठनको कामको सिलसिलामा धनुषाबाट गिरफ्तार गरी झुट्ठा मुद्दा लगाइएकोप्रति हाम्रो सङ्गठन घोर आपत्ति प्रकट गर्दछ', विज्ञप्तिमा भनिएको छ ।

# प्रतिबन्ध चिर्दै सिन्धुलीमा जनपरिषद्को तेस्रो अधिवेशन

**सिन्धुली** : नेकपा सिन्धुली जनपरिषद्को जेठ २९ गते तेस्रो अधिवेशन भव्यताका साथ सम्पन्न भएको छ । उक्त अधिवेशनका प्रमुख अतिथि जिल्ला इन्चार्ज शशी थिए । बैठकको अध्यक्षता नेकपाका ज्येष्ठ जिल्ला समिति सदस्य ल्वाङसिंहले गरेका थिए ।

अधिवेशनले चारजना प्रतिनिधि पछि थप गर्ने गरी १९ जना रहेको जनपरिषद् गठन गरेको छ । जिल्ला जनपरिषद्को अध्यक्षमा आरबी चयन भएका छन् । जनपरिषद् प्रमुखमा कपिल निर्वाचित भएको समाचार प्राप्त भएको छ । प्राप्त समाचारअनुसार जनपरिषद् प्रमुख कपिलको नेतृत्वमा पाँच सदस्यीय जिल्ला जनपरिषद् घोषणा गरिएको छ । जनपरिषद् सदस्यमा ज्ञानबहादुर, राजन, सुनिता र गर्जन रहेका छन् । उक्त जिल्ला जनपरिषद्ले अहिलेको दलाल सत्तालाई परास्त गर्दै नेकपाको नेतृत्वमा वैज्ञानिक समाजवादी सत्ता लागू गर्दै जाने प्रतिबद्धता व्यक्त गरेको सिन्धुलीबाट प्राप्त समाचारमा जनाइएको छ ।

अधिवेशनमा दक्षिण सिन्धुली जिल्ला सेक्रेटरी गोपाल र पूर्वी सिन्धुली जिल्ला सेक्रेटरी शेरमान पनि अतिथिका रूपमा उपस्थित रहेको जनाइएको छ । कार्यक्रममा नेकपा जिल्ला समिति सदस्यहरूलगायत सम्पूर्ण जनवर्गीय सङ्गठनका नेता तथा कार्यकर्ताको बाक्लो उपस्थिति रहेको समाचारमा जनाइएको छ ।

# नेकपाका जुम्ला जिल्ला इन्चार्ज रविकिरण गिरफ्तार

**जुम्ला** : नेपाल कम्युनिस्ट पार्टीका जुम्ला जिल्ला इन्चार्ज चन्दवीर तिरुवा 'रविकिरण' लाई प्रहरीले गिरफ्तार गरेको छ । बुधबार राती १ बजे सिँजा गाउँपालिका २ चुलेलागाउँस्थित आफ्नै घरमा सुतिरहेको बेला उनलाई घर घेरा हालेर गिरफ्तार गरिएको जानकारी जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सीताराम रिजालले दिएका छन् ।

# अखिल (क्रान्तिकारी) द्वारा विभिन्न क्याम्पस र विश्वविद्यालयमा कालो ब्यानर

**रातो खबर संवाददाता**/पोखरा

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल क्रान्तिकारी गण्डक समन्वय समिति र पीएन जिल्ला समितिले पोखराका विभिन्न क्याम्पस र विश्वविद्यालयका प्रवेशद्वारमा कालो ब्यानर टाँसेको छ।

गत जेठ २६ गते कास्की घान्द्रुकको उरीमा बैठक बसिरहेको बेला प्रहरीले घेरा हाली बिनाकारण आफ्ना २२ जना विद्यार्थी नेता-कार्यकर्तालाई गिरफ्तार गरेपछि क्रान्तिकारीले बिनासर्त रिहाइको माग गर्दै चरणबद्ध आन्दोलनको घोषणा गरेको थियो। उक्त चरणबद्ध आन्दोलनको कार्यक्रमअन्तर्गत शुक्रबार कास्की र तनहुँका विभिन्न क्याम्पस र विश्वविद्यालयका गेटहरूमा कालो ब्यानर टाँसिएको क्रान्तिकारीले जनाएको छ। ब्यानरमा लेखिएको छ, 'सामाजिक दलाल फासिवादी सरकार र रामबहादुर गृह प्रशासनले गरेको गिरफ्तारीप्रति हाम्रो सङ्गठन घोर भर्त्सना गर्दछ। देशभरबाट हाम्रो सङ्गठनका गिरफ्तार नेता-कार्यकर्ताहरूलाई बिनासर्त रिहा गर्न जोडदार माग गर्दछौँ। अन्यथा असहज परिस्थितिको जिम्मेवार स्वयम् केपी-रामबहादुर कम्पनी हुनेछ', ब्यानरमा लेखिएको छ। उक्त ब्यानरसँगै विभिन्न मागहरूसहित चेतावनी दिएको पर्चासमेत वितरण गरिएको स्रोतले जनाएको छ। पोखरा विश्वविद्यालय, पीएन क्याम्पस, जनप्रिय क्याम्पस कालिका बहुमुखी र तनहुँका विभिन्न क्याम्पसहरूमा ब्यानरसहित पर्चा वितरण गरिएको क्रान्तिकारीले जनाएको छ।

### आम शैक्षिक हडताल घोषणा

सरकारले जेठ २६ गते नेकपाका २२ जना नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरी ९ जनालाई राज्यविरुद्धको मुद्दा र बाँकीलाई सार्वजनिक अपराधको मुद्दा चलाइएको छ। राज्यविरुद्धको मुद्दा लगाइएका कास्की सेक्रेटरी आक्रोश, क्रान्तिकारीका केन्द्रीय सदस्य मिलन राई, काजी गुरुङ, पीएन अध्यक्ष प्रकाश, आस्थालगायतलाई ३० गते उच्च अदालत पोखराले निर्दोष साबित गर्दै छाड्ने आदेश दिएको थियो। तर प्रहरीले मध्यरातमा उच्च अदालत नै घेरा हाली रिहा भएकाहरूलाई पुनः गिरफ्तार गरेको थियो। अखिल (क्रान्तिकारी) आक्रोशित हुँदै सङ्घर्षका कार्यक्रमहरू तय गरेको छ। यसै सिलसिलामा गिरफ्तार नेता कार्यकर्ताहरूको रिहाइको माग गर्दै यही असार छ गते देशका विभिन्न ११ जिल्लाहरूमा आम शैक्षिक हडतालको घोषणा गरेको समेत गरेको छ।

# डीआर पौडेलप्रति श्रद्धाञ्जली

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले पूर्वशिक्षामन्त्रीसमेत रहेका सरकारी नेकपाका नेता धनीराम पौडेल (डीआर पौडेल) को असामयिक निधनप्रति गहिरो शोक र श्रद्धाञ्जली प्रकट गरेको छ।

पार्टी प्रवक्ता प्रकाण्डले शनिबार श्रद्धाञ्जली वक्तव्य जारी गर्दै भनेका छन्, 'नेपालको वामपन्थी आन्दोलनका एक इमानदार व्यक्तित्व धनीराम पौडेल (डीआर पौडेल) को असामयिक निधनले हाम्रो पार्टीलाई चिन्तित बनाएको छ। हामी उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौँ र शोकसन्तप्त परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौँ।'

वक्तव्यमा उनले भनेका छन्, 'सरकारी नेकपामा रहेर पनि सरकारको फासिवादी दमनको सशक्त विरोध गर्दै आएका पौडेलको निधनले नेपालको राष्ट्रियताको आन्दोलनलाई समेत धक्का पुगेको छ।' पौडेल सरकारी नेकपाका केन्द्रीय सदस्य र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगका सदस्य रहिसकेका थिए। उनको शुक्रबार बिहान ६:४५ मा हृदयाघातका कारण चितवनमा निधन भएको थियो। शुक्रबारै उनको अन्त्येष्टि गरिएको छ।

स्याङ्जाको दरौँमा २०२३ सालमा जन्मिएका पौडेल तत्कालीन नेकपा (एकताकेन्द्र मसाल) र नेकपा (माओवादी) एकीकरण भएपछि बनेको एकीकृत नेकपा (माओवादी)का पोलिटब्युरो सदस्य थिए। पौडेल 'जन एकता' साप्ताहिकको सम्पादकसमेत थिए। उनका श्रीमती गङ्गा बेल्बासे र दुई छोरी छन्।

# 'सर्च एन्ड एरेस्ट' नरोके कडा प्रतिरोध गर्ने चेतावनी

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका सिन्धुली जिल्ला इन्चार्ज शशि राई र सेक्रेटरी दिनेश सारुले बिहीबार विज्ञप्ति जारी गर्दै केपी-पीके कम्पनीले सिन्धुलीमा सर्च एन्ड एरेस्ट अभियान चलाई जनतालाई सहनै नसक्ने गरी राज्यआतङ्क मच्चाइराखे त्यसको कडा रूपमा प्रतिरोध गर्ने चेतावनी दिएका छन्।

विज्ञप्तिमा भनिएको छ, 'नेपालका सर्वहारा वर्ग, श्रमिक तथा उत्पीडित जनसमुदायहरूको अग्रदस्ता हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा वैज्ञानिक समाजवादी क्रान्ति निरन्तर अगाडि बढिरहेको छ। यही क्रममा वर्तमान दलाल फासिवादी केपी-पीके सरकारले हाम्रो पार्टीको निर्दोष, निःशस्त्र कार्यकर्तामाथि गोली प्रहार गरी हत्या गर्ने गिरफ्तार गर्ने, झूट्टा मुद्दा लगाई जेल हाल्ने र देशव्यापी दमन अभियान चलाई राज्यआतङ्क मच्चाइरहेको छ। यही क्रममा जेठ २५ गते हाम्रो पार्टी निकट युवा सङ्गठन नेपाल सिन्धुली जिल्लाको तेस्रो जिल्ला भेला दुधौली नगरपालिका १२ दमारामा हुँदै गर्दाखेरि केपी-बादलमण्डलीको गृह प्रशासनले हठात् शैलीमा प्रहरी उतारी घेरा हालेर दमन गरियो। हामीले निःशस्त्र रूपमा शान्तिपूर्ण भेलामार्फत आफ्नो कार्यक्रम गरिरहँदा सयौँको सङ्ख्यामा प्रहरीले कार्यक्रम स्थलमा आई आतङ्क फैलाई कार्यक्रम बिथोल्यो र कार्यक्रममा उपस्थित हुन आएका सामान्य हाम्रो पार्टी समर्थक जनताका पाँचवटा मोटरसाइकल प्रहरीले कब्जा गरी लगेर नेपाल प्रहरीको कुरूप रूप उदाङ्गो पारेको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'प्रहरीहरू गाउँगाउँमा पसेर जनतालाई त्रसित पारेको छ। त्यसपछि जिल्लाका सबै प्रहरी र केही अन्य जिल्ला गरी ३ सयभन्दा माथि फोर्स केन्द्रित गरी सिन्धुलीमा सर्च एन्ड एरेस्ट अभियान चलाई जनतालाई सहनै नसक्ने गरी राज्यआतङ्क मच्चाइरहेको छ। यही क्रममा हाम्रो पार्टी समर्थक सामान्य तीनपाटन गाउँपालिका बेलघारी निवासी बलबहादुर भुजेललाई व्यक्तिगत कामको सिलसिलामा हिँडिरहेको अवस्थामा २९ गते दिउँसो गिरफ्तार गरी प्रहरी हिरासतमा यातना दिइरहेको छ। यसप्रकारको सामान्य नागरिक गिरफ्तार गर्ने, जनताको सम्पत्ति लुटपाट गरी कब्जा गरी लाने, प्रहरी परिचालन गरी कथित सर्च एन्ड एरेस्ट अप्रेसन नरोक्ने हो भने त्यसको जबाफ हामीले दिन बाध्य हुने हुँदा उक्त परिस्थिति आउनुअगावै यसप्रकारको जनतामाथिको दमन रोकी सामान्य जनताले आफूले काम गरेर शान्तिपूर्ण बाँच्न पाउने अधिकारको ग्यारेन्टी गर्न केपी-बादल गृह प्रशासनलाई हामी चेतावनी दिन चाहन्छौँ। अन्यथा समयमै सचेत नभए राज्यले ठूलो क्षति बेहोर्नु पर्नेछ।'

# सर्लाहीमा युवा सङ्गठन नेपालको तेस्रो भेला

## प्रतिबन्ध खारेज गर्दै युवा

**सर्लाही** : नेपाल कम्युनिस्ट पार्टी निकट युवासङ्गठन नेपाल सर्लाहीले सरकारले लगाएको प्रतिबन्ध खारेज गर्दै तेस्रो जिल्ला भेला सम्पन्न गरेको समाचार प्राप्त भएको छ।सर्लाहीबाट प्राप्त समाचार अनुसार भेलाको प्रमुख अतिथि जिल्ला इन्चार्ज कुमार पौडेल, अतिथि जिल्ला सेक्रेटरी लालबहादुर लामा, सत्ता प्रमुख सीताराम शाह, महिला नेत्री प्रमिला र जिल्ला सदस्य तेतर शाहले भेला सफलताको शुभकामना मन्तव्य दिएका थिए। जिल्ला इन्चार्ज कुमार पौडेलले एकीकृत जनक्रान्तिमा दृढतापूर्वक अघि बढ्न र दलाल सरकारले लगाएको प्रतिबन्ध डटेर प्रतिवाद गर्न निर्देशन दिएका थिए। भेलाले सफलको नेतृत्वमा १७ सदस्यीय जिल्ला समिति चयन गरेको छ। समितिको अध्यक्षमा सफल लामा, उपाध्यक्ष गोविन्द चौधरी, सचिव रोजन मगर र सदस्यहरू कीर्ति लामा, सर्वेन्द्र, विशाल, अखिल, अर्जुन, रन्जित, वसन्त, सञ्जीवलगायत चयन भएका छन्।

# कार्यकर्ता रिहा नगरे कडा सङ्घर्ष गर्ने नेकपाको चेतावनी

**महोत्तरी** : नेपाल कम्युनिस्ट पार्टीका महोत्तरी जिल्ला इन्चार्ज मास र सेक्रेटरी अपिलले शनिबार एक विज्ञप्तिमार्फत युवा सङ्गठन नेपालका जिल्ला अध्यक्ष विकास गुप्ता र जिल्ला सदस्य सुमनलाई महोत्तरीबाट अपराधी शैलीमा अमानवीय र गैरकानुनी ढङ्गले गिरफ्तार गरिएकोमा केपी-प्रचण्डको दमनकारी सरकारलाई तुरुन्त बिनासर्त ससम्मान रिहा गर्न माग गरेका छन्।

इन्चार्ज र सेक्रेटरीको विज्ञप्तिमा भनिएको छ, 'केपी-प्रचण्ड दलाल एवम् भ्रष्ट सरकारको मतियार बादल प्रशासनले हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी महोत्तरी जिल्लाको युवा सङ्गठन नेपालका जिल्ला अध्यक्ष कमरेड विकास गुप्ता र जिल्ला सदस्य कमरेड सुमनलाई औरहीबाट घर गौशाला फर्कँदै गर्दा बाटोमा राती १० बजे आपराधिक शैलीमा बिनाकारण गिरफ्तार गरेको छ। बिनासर्त तुरुन्त रिहा गर्न यो विज्ञप्तिमार्फत अनुरोध गरिएको छ। रिहा नगरेर हाम्रो पार्टीलाई कडाभन्दा कडा सङ्घर्ष गर्न बाध्य नपारियोस्। सङ्घर्षमा भएमा घटनाको यो नालायक दलाल सरकार आफैँ जिम्मेवार हुनेछ।'

# सडक अवरोध हटाउन जनसत्ताको चेतावनी

**कपिलवस्तु** : समानान्तर सत्ताको अभ्यास गर्दै आएको नेपाल कम्युनिस्ट पार्टीको जिल्ला जनपरिषद् नेपाल कपिलवस्तुका प्रमुख सोमै थारूले शुक्रबार विज्ञप्ति जारी गर्दै राज्य जनताप्रति उत्तरदायी नभएका कारण जनपरिषद्ले जनतालाई निर्बाध रूपले आवागमन गर्ने वातावरण मिलाउन अपिल गरेका छन्।

विज्ञप्तिमा भनिएको छ, 'दलाल पुँजीपति वर्गको सत्तामा जनतालाई अधिकार दिने भन्ने कुर हुँदैन बरु पुँजीपतिवर्गको मात्र हालीमुहालीको ग्यारेन्टी गरिएको हुन्छ। त्यसैले जनताले राज्यप्रति इमानदार र बफादारीपूर्ण भूमिका निर्वाह गर्नुपर्ने तर राज्यले भने जनताको सुखदुःखमा सिन्कोभर चिन्ता र जिम्मेवारी लिनु नपर्ने देशमा हामी बाँचिरहेका छौँ। सुविधाका लागि जनतालाई ढाड सेकुन्जेल कर लिने, त्यसैले पनि नपुगेर तस्करी र भ्रष्टाचारमा लिप्त रही जनघात र राष्ट्रघात गर्दै राज्यको सम्पत्ति दोहनमा दिन दुगुना र रात चौगुनाका दरले लागिरहेका छन्। त्यसै क्रमको एक घटना, महेन्द्र राजमार्गमा सडक नै छेकेर गिट्टी, ढुङ्गा, बालुवा थुपार्ने, ठूला सवारीसाधन पार्किङ गर्ने, बनाउनेलगायत कार्यप्रति हाम्रो क्रान्तिकारी जनसत्ता, जिल्ला जनपरिषद् कपिलवस्तुको गम्भीर ध्यानाकर्षण भएको छ। अबउप्रान्त बयासी सीमाभित्रबाट ती सम्पूर्ण विषयहरू हटाई एक साताभित्र जनतालाई निर्बाध रूपले आवागमन सञ्चालन गर्न सम्बन्धित पक्षलाई आग्रह गर्दै अटेर गरे जनपरिषद्को नियमअनुसार कारबाही हुने कुरासमेत यसै विज्ञप्तिमार्फत जानकारी गराउँछौँ।'

जनप्रतिनिधिका नाममा राज्यको सम्पत्ति दोहन गर्ने, जनताको ढाड सेकुन्जेल कर लिने, भ्रष्टाचारमा लिप्न हुने तर जनसरोकारमा ध्यान नदिएको जनपरिषद्ले बताएको छ। जिल्ला जनपरिषद्ले महेन्द्र राजमार्गमा सडक नै अवरोध हुने गरी गिट्टी, बालुवा, ढुङ्गा, ठूला सवारीसाधन पार्किङ गर्ने गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको भन्दै एक साताभित्र हटाउन चेतावनीसमेत विज्ञप्तिमार्फत दिइएको छ।

# शिक्षक सङ्गठनका जिल्ला अध्यक्ष निष्कासित

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी अछाम जिल्ला सेक्रेटरी जयसिंहले शनिबार विज्ञप्ति जारी गरी दलाल सरकारको मतियार बन्दै वर्गघात गरेको हुँदा शिक्षक सङ्गठनका अध्यक्ष मनबहादुर बयकलाई साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट निष्कासन गरेका छन्।

सेक्रेटरी जयसिंहले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी अछाम जिल्ला समिति तुर्माखाँद गाउँपालिका वडा नं. ४ बस्ने मनबहादुर बयक पार्टी साधारण सदस्य तथा अखिल नेपाल शिक्षक सङ्गठनको जिल्ला अध्यक्षको जिम्मेवारीमा रही काम गर्दै आएका थिए। केपी-पीके सामाजिक दलाल पुँजीवादी सरकारले २०७५ फागुन २८ गतेदेखि नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाइसकेपछि दलाल सरकारको मतियार बन्दै वर्गघात गरेको हुँदा उहाँलाई आजको मितिदेखि पार्टी साधारण सदस्य तथा शिक्षक सङ्गठनको सदस्य नरहने गरी निष्कासन गरिएको बेहोरा यस प्रेसविज्ञप्तिमार्फत जानकारी गरिन्छ।'

# धनुषाबाट राइन गिरफ्तार, नेकपाद्वारा तुरुन्त रिहाइको माग

**रातो खबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका धनुषा जिल्ला इन्चार्ज प्रकाश र सेक्रेटरी ताराले शनिबार विज्ञप्तिमार्फत जिल्ला सदस्य तथा युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य जाहिर राइनलाई धनुषाबाट अमानवीय र गैरकानुनी ढङ्गले गिरफ्तार गरिएकोमा केपी-पीके दमनकारी सरकारलाई तुरुन्त बिनासर्त ससम्मान रिहा गर्न माग गरेका छन्।

इन्चार्ज र सेक्रेटरीको विज्ञप्तिमा भनिएको छ, 'कम्युनिस्टको खोल ओढेको सामाजिक दलाल फासिवादी केपी-बादलमण्डली सरकारद्वारा जनताको अधिकार तथा मुक्तिको आवाज उठाइरहेको हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउँदै हाम्रो पार्टीका नेता, कार्यकर्ता, शुभचिन्तक र समर्थकहरूलाई अमानवीय र गैरकानुनी ढङ्गले दमन गर्ने, गिरफ्तार गर्ने र झूट्टा मुद्दा लगाउने काम गरिरहेको छ। यसै क्रममा पार्टी सङ्गठनको कामको सिलसिलामा रहेको बेला हाम्रो पार्टीका जिल्ला सदस्य तथा युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य जाहिर राइनलाई २०७६ जेठ ३१ गते दिउँसो धनुषाबाट अमानवीय र गैरकानुनी ढङ्गले गिरफ्तार गरिएको छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'वर्तमान केपी-बादलमण्डली सरकारको यसप्रकारको गैरकानुनी, गैरराजनीतिक, कायरतापूर्ण र अमानवीय हर्कतको हाम्रो पार्टी घोर विरोध तथा भर्त्सना गर्दछ। दमन, गिरफ्तार र झुट्टा मुद्दाले इतिहासमा कहिल्यै जनताको मुक्ति आन्दोलन नरोकिएको र नरोकिने स्मरण गराउँदै यस्ता क्रियाकलाप तुरुन्त बन्द गर्न र गिरफ्तार कमरेडलाई तत्कालै बिनासर्त ससम्मान रिहा गर्न हाम्रो पार्टी जोडदार माग गर्दछ। अन्यथा त्यसविरुद्ध सशक्त प्रतिरोध सङ्घर्ष गर्न बाध्य हुने र त्यसको जिम्मेवार सरकार आफैँ हुनुपर्ने जानकार ीसमेत यसै विज्ञप्तिमार्फत गराउँदछौँ।'

# सिराहामा जनप्रतिनिधि, जनपरिषद् र दलित मोर्चाको भेला

**सिराहा** : नेपाल कम्युनिस्ट पार्टी सिराहा जिल्लाको मिर्चैया नगरपालिका ९ मा जनप्रतिनिधिसभाको जिल्ला भेला सम्पन्न भएको छ।

गङ्गा मुखियाको अध्यक्षता, जनकपुर ब्युरो इन्चार्ज सन्देश पौडेलको प्रमुख आतिथ्य र अमर क्षेत्रीको विशेष आतिथ्यमा सम्पन्न भएको भेलाको सञ्चालन गणेशले गरेका थिए।

उक्त भेलाबाट करण यादवको नेतृत्वमा २१ सदस्यीय जनप्रतिनिधि सभा र भक्तबहादुर कार्कीको नेतृत्वमा ९ सदस्यीय जनपरिषद् नेपाल (जनसरकार) गठन भएको छ।

त्यसैगरी सिराहामै दलित मुक्ति मोर्चा नेपालको पनि प्रथम जिल्ला भेला सम्पन्न भएको छ। सिराहा जिल्लाको मिर्चैया नगरपालिका ७ मा दलित मुक्ति मोर्चा नेपालको प्रथम भेला सम्पन्न भएको हो। भेलाले रामचन्द्र सदाको नेतृत्वमा १३ सदस्यीय कार्यकारी समिति चयन गरेको छ। उक्त भेलाको अध्यक्षता राच चन्द्रा सदाले गरेका थिए। भेलामा महेन्द्र मण्डलको विशेष आतिथ्य र जिल्ला इन्चार्ज अमर क्षेत्रीको प्रमुख आतिथ्य रहेको थियो। गणेश सदाले भेलाको सञ्चालन गरेका थिए।

# अदालतको आदेश नमानेको भन्दै बार आन्दोलित

**रातो खबर संवाददाता**/कास्की

**पोखरा** : अदालतले रिहाइको आदेश दिएका नेपाल कम्युनिस्ट पार्टी कास्कीका नेता-कार्यकर्तालाई बार परिसरबाटै पुनः पक्राउ गरेको विरोधमा उच्च अदालत बार एसोसिएसन पोखरा आन्दोलित बनेको छ।

पक्राउ परेका नेकपाका कार्यकर्तालाई उच्च अदालत कास्कीले रिहा गर्न दिएको आदेशलगत्तै कास्की प्रहरीले बार कार्यालयभित्रैबाट पक्राउ गरेको भन्दै बार एसोसिएसन आन्दोलित बनेको हो।

बार कास्कीले सोमबार प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढासमक्ष ज्ञापनपत्र बुझाउँदै उच्च अदालत बार एसोसिएसन पोखराले अदालत परिसरबाट यस्तो कार्य भएकोमा चिन्ता एवम् चासो व्यक्त गरेको छ।

बार एसोसिएसन पोखराका सदस्यहरूले प्रहरीको रवैयाविरुद्ध आन्दोलित भएको जनाएका छन। शान्तिपूर्ण र्‍याली प्रदर्शनपछि ज्ञापनपत्र बुझाउँदै उच्च अदालत बार एसोसिएसन पोखराका अध्यक्ष रोहितराज बास्तोलाले यही जेठ ३० गते बार एसोसिएसन पोखराभित्रको कार्यालयबाट गैरकानुनी तवरले कास्की प्रहरीले नेकपाका ९ जनालाई पक्राउ गरेकोमा गम्भीर ध्यानाकर्षण भएको बताएका छन्।

उनीहरूलाई जेठ २५ गते दिउँसो कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं ११ उरीमा रहेको आमा समूहको भवनबाट प्रहरीले पक्राउ गरेको थियो। उनीहरूलाई राज्यद्रोहको मुद्दा लगाइएको भए पनि राज्यद्रोहविरुद्ध यथेष्ट प्रमाण नभेटिएको भन्दै न्यायाधीश तेजबहादुर कार्कीसहितको संयुक्त इजलासले रिहा गर्ने फैसला सुनाएको थियो।

कास्की प्रहरीले रिहा भएका ९ जनालाई पुनः पक्राउ गर्न उच्च अदालत पोखराबाहिर दिउँसैबाट घेरा हालेको थियो। पुनः पक्राउ पर्ने भएपछि बार एसोसिएसन पोखराको कार्यालयभित्र रहेका नेकपाका कार्यकर्तालाई प्रहरीले बल प्रयोग गरेर मध्यरातमा पक्राउ गरी राति १ बजे डाँडाको नाक प्रहरी चौकी पुऱ्याएको थियो।

प्रहरीले अदालतको आदेश नमानेको भन्दै कास्कीका मानवअधिकारकर्मी, कानुन व्यवसायी र नागरिक समाजका अगुवाहरू आन्दोलित भएका छन्।

# दमनको निसानामा अब वैद्य पनि

## क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्यसहित १७ जना गिरफ्तार

**गोपाल गिरी**/काठमाडौँ

मोहन वैद्य नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्यसहित १७ जनालाई प्रहरीले गिरफ्तार गरेको छ। सोमबार कीर्तिपुरस्थित त्रिवि सेवा आयोगको प्रवेशद्वारबाट केन्द्रीय सदस्य सूर्य श्रेष्ठसहित १७ जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा उक्त पार्टी निकट विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारीका अध्यक्ष हरिकृष्ण गजुरेल, महासचिव पेशल दाहाल, सचिवद्वय महेश श्रेष्ठ र सूर्य कार्की, केन्द्रीय सदस्यहरू जितेन्द्र लम्साल, शोभा सेञ्चुरी, सागर शाही, नरबहादुर कुमाललगायत छन्।

### एकीकृत जनक्रान्तिका आठौँ सहिद रामकुमार श्रेष्ठ

# कि जितेर फर्किन्छु कि सहिद बनेर तर हारेर फर्किन्नँ

## 'मेरो शवमा कम्युनिस्ट पार्टीको झन्डा ओढाइदिनू'



अशोक सुवेदी

'सर एउटा कुरा थाहा पाउनुभयो ?'

सहयोद्धा कमरेड अम्बिकाले बुधबार साँझतिर फोन गरेर सोध्नुभयो ।

केपी-पीके सरकारले प्रतिबन्ध लगाएको चार महिनाभित्र के मात्रै गर्न बाँकी राखेको छ र ? आज फेरि कुनै अर्को नयाँ उपद्रव पो गरेछ कि भनेर मैले सोधेँ, 'के भयो र आज फेरि कमरेड ? म त अनलाइनमा छैन नि । बरु भन्नुस् न के भयो र ?'

'सुकेधारा विस्फोटमा गम्भीर घाइते भएर नाम-ठेगानासमेत थाहा पाउन नसकेका युवकको नाउँ र ठेगाना थाहा भयो नि ?'

'हो र ? कहाँको को हुनुहुँदो रहेछ कमरेड ?', मैले एकैसाथ दुईवटा जिज्ञासा राखेँ ।

'तपाईंकै जिल्लाका रामकुमार श्रेष्ठ नाउँ गरेका कमरेड हुनुहुँदो रहेछ । ठेगाना भने खुलेको छैन', उहाँले भन्नुभयो ।

'थाहा पाउनासाथ मलाई भन्नुहोला है', मैले भनेँ ।

त्यसपछि अनलाइनमा राख्न समाचार र शीर्षकका बारेमा कुरा भए । बेलुका अरू काममा लागियो । मनमा भने कुरा खेलिरहेको थियो- यत्रो त्याग, शौर्य र साहस देखाउने व्यक्ति मेरो जिल्लाको कहाँको योद्धा होला ?

विगत पाँच वर्षदेखि नियमित मङ्गलबार प्रकाशन हुँदै आएको केन्द्रीय प्रकाशन रातो खबरको नयाँ अङ्क प्रकाशित गरेर बुधबार कामविशेषले गृहजिल्ला रामेछाप, मन्थली, सिर्जनानगरतिर लागेको थिएँ म । सहयोद्धा कमरेड अम्बिकालाई म गृहजिल्ला गएको थाहा थियो । त्यसैले पनि उहाँले घाइते योद्धाको जिल्ला र मेरो जिल्ला एउटै हो रहेछ भनेर सामीप्य गराउन चाहेको कुरा बुझ्न मलाई कुनै कठिनाइ परेन । जन्मजिल्ला भनेपछि अलि बढी नै गर्छ भन्ने हिजोदेखि नै साथीहरूलाई पर्दै आएको हो । अरु ामान्य अवस्थामा भन्दा विशेष समयमा, देश, जनता, वर्ग, क्रान्ति र मुक्तिका लागि रामेछाप जिल्लाले निर्वाह गरेको विशेष भूमिका ओझेलमा पर्नु हुन्न र इतिहास धुलोमा पुरिन दिनु हुन्न भन्नेमा म अलि बढी नै सचेत छु । विगत डेढ दशकदेखि इतिहासको सही मूल्याङ्कन, रक्षा र विकासका लागि राजनीतिक योद्धा, स्रष्टा, विद्रोही किसानहरूका नाममा पुस्तकालय, सङ्ग्रहालय, स्तम्भ र सालिक नै बनाएर सिर्जनाअभियान सञ्चालन गरिरहेको छु ।

यद्यपि रामेछापले नेपालको सांस्कृतिक, राजनीतिक, वैचारिक कुनै पनि आन्दोलनमा दोस्रो हुनुपरेको छैन । निरङ्कुश राणा शासकहरूलाई मकैमा लाग्ने कालाटाउके र राताटाउके कीराका साथै बेलायती कुकुरको संज्ञा दिएर विद्रोह बोल्दै नेपालकै प्रथाम सांस्कृतिक सहिदमा नाउँ लेखाउने मकैको खेतीका नायक सुब्बा कृष्णलाल अधिकारी, २२ वर्षको उमेरमै राणा शासकलाई ललकार्दै हाँसीहाँसी छातीमा गोली थाप्ने प्रथम विद्यार्थी सहिद गङ्गालाल श्रेष्ठ र सबैखाले निरङ्कुशता, अन्याय र अत्याचारबाट मुक्त हुन वर्गसङ्घर्ष थाल्ने उद्घोषका साथ नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्ने पुष्पलाल जन्मिएको जिल्ला हो रामेछाप । पञ्चायती र संसदीय व्यवस्थाका शासकहरूले दलाली र गद्दारी गरे पनि बेथानमा महान् जनयुद्धको प्रथम सफल फौजी मोर्चा लड्दै तीफदिजस्ता वीरवीराङ्गना जन्माउने जिल्ला पनि त रामेछाप नै हो नि । अझ दिलमाया त जनयुद्धकी प्रथम छापामार सांस्कृतिक विद्यार्थी-महिला सहिद पनि हुन् । दोरम्बा, सालु, गर्ज्याङ चुचरेलगायत भीषण सामूहिक हत्याकाण्ड खेप्दै जनयुद्धमा ऊर्जा थपेको छ रामेछापले । यसरी रामेछापले इतिहासका खासखास कालखण्डमा विशेष त्याग, शौर्य, साहस र बलिदानका कीर्तिमाहरू कायम गरेको छ । त्यसैले यो भूमिबाट उत्पीडित वर्गको कुनै योद्धा जन्मिएर एकीकृत जनक्रान्तिको भट्टीमा हामफालेको छ भन्नेमा मेरो द्विविधा रहेन ।

शुक्रबार बिहानै अत्यन्त काँपेको तर धारिलो महिला स्वरबाट कसैले मेरो नम्बर डायल गऱ्यो :

'नमस्कार, अशोक सर बोल्दै हुनुहुन्छ ?'

'हजूर, म बोल्दैछु । किन होला ? कहाँबाट को बोल्नुभयो ?'

'म सालु, गैराथोकबाट सुनीता श्रेष्ठ बोल्दैछु । सर, म तपाईंलाई चिन्छु तर तपाईंलाई भने मेराबारेमा सम्झना नहुन पनि सक्छ ।'

'माफ गर्नुहोला, मैले रामेछापमा यो नाम गरेको मानिस चिनेको छैन । तैपनि भन्नुस् न केका लागि होला ?'

'सर, म तपाईंले सञ्चालन गरेको साहित्यिक-सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भएकी छु र कविता प्रतियोगितामा पुरस्कृत पनि भएकी छु । तर केही वर्षअघिको कुरा हो । तपाईंले भुल्नुभयो होला ।'

मलाई मेरो सम्झना शक्ति क्षीण हुँदै गएको हो कि भन्नेमा चिन्ता भयो ।

कुनै पनि अवस्थामा बढी थिएन । भाइको मुख हेर्न जान्छु भनेर उहाँले बुबासँग जिद्दी गर्नुभएको रहेछ । बुबाले 'म एकैसाथ दुई छोराछोरीको मृत्यु सहन सक्तिनँ' भनेर उहाँलाई जानबाट वञ्चित गर्नुभएको रहेछ ।

उसै त मुटुकी रोगी, त्यसमाथि बुबा, आमा, भाइ, बहिनी सबैलाई सम्झाउने, बुझाउने, पुऱ्याउने गर्नुपर्दा रोग, शोक र भोकले क्लान्तजस्तो देखिन्थ्यो उहाँको मुहार । तैपनि आँखाहरू जिज्ञासु थिए । शरीर पसिनाले भन्दा आँसुले लछ्प्पै भिजेको थियो । हामीले झन्डै तीन घन्टाजति रामकुमारका बारेमा कुरा गऱ्यौँ ।

उहाँले सुनाउनुभयो :

हामी रामकुमारलाई माया गरेर रामु भन्थ्यौँ । उमेर एउटै भएकाले म र रामु दिदीभाइभन्दा पनि साथीभाइजस्ता थियौँ । ठूलो सपना थियो उसको । समाजमा अन्याय, अत्याचार, दुःख, पीडा, कष्ट केही देख्न र सहन सक्तैनथ्यो । पढ्ने, जागिर खाने, कुनै कार्यालयको हाकिम बन्ने वा नेता-मन्त्री-राजदूत बन्ने विषयमा कुनै सपना थिएन

असमानता अन्त्य गर्नैपर्छ । नत्र तिमीहामीले मात्र होइन, यो समाजका अधिकांश मानिसले, केही समयसम्म मात्र पनि होइन, लामो समयसम्म आफ्ना सपनाहरूको हत्या गरिरहनुपर्ने हुन्छ । त्यतिबेला कसैलाई गुनासो गर्ने ठाउँ रहनेछैन ।

सुनिताले सुसाउँदै अझ अगाडि सुनाउनुभयो-

मैले भनेँ, बाबु, यो जोखिमको बाटो हो ।

उसले भन्यो- मैले यो बाटो जानेरै रोजेको हो ।

किन मोल्यौ तिमीले यो जोखिमको बाटो ? मैले सोधेँ

मैले अन्याय र विभेद सहन सकिनँ- उसले भन्यो ।

वास्तवमै ऊ भूमिगत बनिसकेको रहेछ । कयौँ महिनापछि कहिलेकहीँ ऊ रातिराति आउँथ्यो कोठामा मलाई भेट्न । कहिलेकहीँ साथीहरू पनि लिएर आउँथ्यो । राति नै आएर राति नै फर्किन्थ्यो ।

पछिल्लो बिदाइको क्षण सम्झिएर सुनिता धेरै भावुक बन्नुभयो । उहाँले सुसाउँदै र रोकिँदै सुनाउनुभयो-

हाम्रा लागि मात्र दसैँ, तिहार हुने । उसलाई कुनै



'ठिकै छ त भुलेको पनि हुन सक्छु । भन्नुस् न के छ होला ? मैले केही सहयोग गर्नुपर्ने छ कि ?'

'सर, सुकेधारा विस्फोटमा परी गम्भीर अवस्थामा ओम अस्पतालमा उपचार गराइरहेको रामकुमार मेरो भाइ हो । तपाईं जिल्लाबासी पनि भएकाले जानकारी गराउन फाने गरेकी हुँ ।'

'ओहो हो र ? हिजो मात्र मलाई फोन आएको थियो, घाइते रामेछापकै हुनुहुन्छ भन्नेबारेमा जानकारी दिँदै तर कहाँको हुनुहुन्छ भन्ने थाहा पाउन सकेको थिइनँ । लः थाहा भयो, राम्रो भयो । उहाँको राम्रो उपचार भइरहेको छ भन्ने सुनेको छु । हामी भौतिक रूपमा घाइतेलाई भेट्न जान नसकेको भए पनि विभिन्न रूपमा साथीहरू सम्पर्कमा हुनुहुन्छ ।'

मैले उहाँलाई आफूसँग भएको जानकारी दिएँ र आश्वस्त पारेँ ।

घाइतेको अवस्था अत्यन्त गम्भीर नै थियो तर पनि केही सुधार भएपछि भेन्टिलेटरबाट आईसीयूमा सारिएको खबर पाएको थिएँ । त्यो पनि सुनाएँ । म मन्थली, सिर्जनानगरमै छु भन्ने थाहा पाएपछि उहाँले भेट्न आउने आशय राख्नुभयो । मैले हुन्छ आउनुस् भनेँ । यो बिहानको कुरा थियो । मध्याह्नमा टन्टलापुर घामको वास्तै नगरी उहाँ सिर्जनानगर आइपुग्नुभयो ।

मसँग भेट्नासाथ उहाँ बर्खे भेलजसरी बलिन्द्रधारा हुँदै बर्सिनुभयो धेरै बेरसम्म । मैले उहाँलाई केही सैद्धान्तिक, केही व्यावहारिक र केही आदर्शका कुराहरू गरेर सम्झाउने प्रयास गरेँ । एउटा संवेदनशील स्रष्टा मन । भाइको त्यस्तो गम्भीर अवस्था । उहाँले मेरो विश्वास मानेर पोखिन खोज्नुभएको थियो, पोखिनुभयो । उहाँले काठमाडौँमा रहेका अर्का भाइसँग मलाई सम्पर्क गराइदिनुभयो । उहाँसँग पनि मैले कुरा गरेँ । भाइ, बुबा र आमाको नम्बर मागेँ, दिनुभयो ।

सुनिता आफैँ मुटुको रोगी हुनुहुँदो रहेछ । भाइ दुर्घटनामा परेको सुन्नासाथ उहाँ घन्टौँसम्म मुर्छा पर्नुभएको रहेछ । उहाँलाई बेहोसीबाट होसमा ल्याउनै मुस्किल भएको रहेछ । लामो समयदेखि सम्पर्कमा नरहेको भाइ सम्पर्कमा आउँदा र त्यस्तो हालतमा रहेको सुन्नुपर्दा स्वाभाविक रूपमै उहाँ व्यथित हुनु

उसको । देशको सेवा गर्ने, जनताको सेवा गर्ने, समाजमा भएको असमानता हटाएर समानतामूलक समाज निर्माण गर्ने यस्तै मात्र कुरा गरिरहन्थ्यो ।

एकछिन रोकिएर सुसाउँदै सुनिताले भन्नुभयो- सर, हाम्रो रामुलाई केही त हुँदैन नि ? उसलाई केही भयो भने त हाम्रो घरपरिवार सबै बिल्लीबाठ हुन्छ । ऊसँग घरपरिवारको कुरा पनि हुन्थ्यो कहिलेकहीँ । म भन्थेँ- रामु, अब तिमी ठूलो भयौ । बुबाको कमाइ छैन । ६० वर्ष पुग्न लागिसक्नुभयो । आर्थिक अवस्था अत्यन्त कमजोर छ घरको । ६-६ जनाको परिवार छ । बहिनीले नर्सिङ पढेकी, पैसाको अभावले प्रमाणपत्रसमेत निकाल्न सकेको छैन । तिमीले पढेर जागिर खानुपर्छ । घरको समस्या समाधान गर्नुपर्छ ।

सुनिताले सुस्केरा हाल्दै भन्नुभयो- तर सर, ऊ के भन्थ्यो थाहा छ ? ऊ भन्थ्यो- हो समाजमा यही असमानता छ र त हामीले यसका विरुद्ध लड्नुपर्छ । तिमी कुरै बुझ्दिनौ क्या दिदी । तिमी यति धेरै पढेर पनि कुरा बुझ्दिनौ । अलि बुझ्ने प्रयास गर न । कसैले कसैमाथि शोषण, दमन, अन्याय, अत्याचार, व्यभिचार नगर्ने हो भने यो समाजमा यस्तो विभेद हुँदैनथ्यो नि होइन ? तिमीले र मैले भनेजस्तो विषय पढ्न नपाउने, नसक्ने । तिमीले पढेर ठूली मान्छे बन्ने सपना देखेकी थियौ नि होइन ? सकिनौ नि ? किन सकिनौ थाहा छ ? किनकि यो राज्यव्यवस्थाले नहुनेलाई होइन, हुनेलाई प्रोत्साहन गर्छ । भोको खान नपाएर मरिरहेको छ । यो व्यवस्था र सरकारले अघाएकाको अगाडि खाना थुपारिदिन्छ । कोही मान्छे खान नपाएर मरिरहेको छ, कोही अजीर्ण रोगले । कोही उपचार नपाएर मरिरहेको छ, कोही विलासमा छ । तिमीले आफ्ना सपना मारेर, आफूलाई खुम्च्याएर र दसतिर ऋणपान गरेर पढाएकी थियौ नि होइन बहिनीलाई नर्सिङ तर देख्यौ नि आज, बाँकी पैसा तिरेर प्रमाणपत्र लिने अवस्थासम्म छैन हाम्रो । यस्तो कसले गरायो ? यसमा के म दोषी छु ? बुबा दोषी हुनुहुन्छ ? तिमी वा बहिनी दोषी छौ ? होइन, यो व्यवस्था दोषी छ । त्यसैले यस किसिमको असमानता र विभेद समाप्त पार्न पनि हामी युवाले क्रान्तिमार्गमा लामबद्ध हुनैपर्छ । लड्नैपर्छ र यो

मतलबै थिएन । नयाँ र छुट्टै संसार बनाइसकेको थियो । तँ नआएसम्म हामी भोकै बस्छौँ नि भनेपछि हाम्रा लागि आइदिन्थ्यो दसैँ र तिहारमा एकछिनका लागि, लुकीलुकी । दसैँमा भन्दा पनि तिहारमा दिदीबहिनी रिसाउँछन् भनेर ऊ रातिराति आउँथ्यो । एकछिन रमाउँथ्यो । हामी टीका र माला लगाइदिन्थ्यौँ । अनि ऊ हतार छ, धेरै काम र जिम्मा छ भन्दै हुरीबतासजस्तै भएर फर्किहाल्थ्यो ।

धेरै महिनापछि भेट भएको थियो यसपालाको तिहारमा । बिदा हुने बेलामा मैले उसलाई रोक्न खोजेँ । घरपरिवारको दुःख र वेदना देखाएपछि उसको मन पग्लिएला कि भन्ने मेरो झिनो आशा थियो । तर उसले हाक्काहाक्की भन्यो- यो व्यर्थ प्रयास नगर । म क्रान्तिको एउटा अङ्ग बनिसकेँ । म फर्किनँ भने क्रान्तिलाई ठूलो घाटा, धोका र गद्दारी हुन्छ । योद्धा र सहिद बन्न हिँडेको मानिसलाई गद्दार बनाउने प्रयास नगर ।

मैले अलि झर्किँदै र रिसाउँदै भनेँ- राज्यले खोजिरहेको छ । समाउला, गोली हान्ला । घाइते बनाएर हिरासत र जेलमा सडाउला । हामी कसरी सहन्छौँ ?

अब यी कुरा पुराना भैसके दिदी । म त क्रान्तिमा होमिइसकेँ । पार्टीको जिम्मेवारी समाल्दासमाल्दै राज्यले समात्यो, यातना दियो, हिरासत वा जेलमा राख्यो भने पनि त्यो मेरा लागि सहज हुन्छ । त्यो त मैले स्वीकारेको र रोजेको बाटो हो नि ? तिमीहरूले किन चिन्ता लिने ? सक्छौ, सँगै हिँड, साथ देओ । सक्तैनौ भने बाधा नहाल ।

सरकारले मारिदियो भने ?! मैले अचानक उसलाई सोधेँ ।

के डराउँछ भन्ठानेकी छ्यौ ? म सहिद हुन्छु । देशका लागि सहिद हुने कुरा तिमीले सोचेको भन्दा धेरै ठूलो कुरा हो । सहिद भएँ भने मेरो पार्टीले मलाई कम्युनिस्ट पार्टीको झन्डा ओढाउँछ । जोकोहीले मृत्युपछि सहिदको दर्जा पाउँछन् ? पार्टीको झन्डा ओढ्न पाउँछन् ? मलाई यो अन्यायमा पिल्सिएर मर्नुभन्दा देश, जनता र वर्गका नाममा सहिद हुन र पार्टीको झन्डा ओढ्नमा ठूलो

*बाँकी पृष्ठ ७ मा*

## कविता

### कञ्चनजङ्घालाई जबाफ !

**- सुमनसिंह पौडेल**



*यतिबेला*
*म वयस्क बनिसकेपछि*
*तन्नेरी कञ्चनजङ्घालाई हेरिरहेको छु*
*कञ्चनजङ्घा मुसुक्क मुस्कुराउँदै*
*मलाई प्रश्न गरिरहेको छ*
*झस्काउन खोजिरहेको छ*
*समय चलिरहेको छ*
*परिस्थिति अदलबदल भैरहेको छ*
*रौँहरू*
*बगरमा सिरु फुलेझैँ*
*फुल्न खोजिरहेका छन्*
*म अडिएर कञ्चनजङ्घालाई सुन्दैछु*
*किनकि*
*कञ्चनजङ्घा मात्र यस्तो साक्षी हो*
*जसले मेरो धेरै पुरानो सभ्यतादेखि*
*आजको वयस्क समयसम्म नियालिरहेको छ*
*चमचम चहकाएर*
*लाखौँको वाहवाहीबाट पुलकित बनेर*
*कञ्चनजङ्घा मतिर फर्किएर*
*मलाई भन्दैछ*
*म सुन्दैछु*
*मेरो फेदीमा चौँरी पाल्ने शेर्पाले*
*अहिलेसम्म राम्रो खानै सकेन*
*ताप्लेजुङका अग्ला पहाडहरूमा*
*खच्चड डोहोऱ्याउनेहरूले*
*अहिलेसम्म राम्रो लाउनै पाएनन्*
*अग्लो पहाडको चेपबाट झुल्किने*
*बिहानीको झुल्के घाम*
*नित्य अस्ताइरहेको छ त्यसैगरी*
*तर म निहालिरहेको छु रातमा पनि*
*पाँचथरका पाखाहरूमा बस्नेहरूले*
*धित मरुन्जेल पानी कहिल्यै पिउन पाएनन्*
*तेह्रथुमका बेसीहरूमा*
*लेकबाट झरेर माटो कोट्याउने किसानले*
*उपचार कहिल्यै पाउन सकेन*
*इलामका चुरेहरूमा बाख्रा चराउनेहरू*
*चोयाको डोको र थुन्से बनाउनेहरू*
*तराईका बजारबाट नुन बोक्नेहरूले*
*कहिल्यै न्याय पाएनन्*
*झापाका किसानहरू, मजदुरहरू*
*सुकुमबासी र ज्यालादारीहरूले*
*घ्यसनङ्ग्रा खियाउँदै*
*तरतर पसिना बगाए पनि*
*छरछर रगत बगाए पनि*
*राम्रो कहिल्यै खान पाएनन्*
*राम्रोमा कहिल्यै बस्न पाएनन्*
*हेर ! तिनैको जिन्दगी*
*पशुतुल्य छ आज पनि*
*मालिकले दास बनाइरहेका छन्*
*महाजनहरूले गोरुलाईझैँ जोतिरहेका छन्*
*कञ्चनजङ्घा निरन्तर हेरिरहेको छ*
*मुसुक्क मुस्कुराएर मोरङलाई पनि हेर्दैछ*
*सुनसरीलाई पनि*
*पूर्वका धेरै पहाडहरू कञ्चनजङ्घाको आँखाबाट*
*हट्न सकेका छैनन्*
*त्यतिबेलादेखि जतिबेला हाम्रो सभ्यता*
*जीव भएर ताते गर्न खोजिरहेको थियो*
*र यतिबेला हामी भूमण्डलीकरणको*
*तातोतातो लुटका लप्कासँग*
*नजिकबाट भिडिरहेका छौँ वयस्क बनेर*
*कञ्चनजङ्घा फेरि प्रश्न गर्छ मलाई*
*तँ अझै कति लड्छस् ?*
*तेरा आफ्नाहरूको तैँले कहिल्यै याद गर्नु पर्दैन ?*
*तँ आफूले आफ्नो ख्याल राख्नु पर्दैन ?*
*कञ्चनजङ्घा आफूलाई मात्र खुसी ठान्छ सायद !*
*दुनियाँको बिजोग बयान गर्छ*
*तर ऊ सग्लो उभिएर हाँसिरहन्छ*
*मानौँ ऊ मात्र यो दुनियाँमा खुसी छ !*
*मलाई पनि केही बोल्न मन छ !*
*केही भन्न मन छ, आफ्नै जीवनलाई हेरेर*
*हो ! कञ्चनजङ्घाले सदिऔँदेखि हेरेजस्तै*
*मैले पनि हेरेको छु र बुझेको छु !*
*मालिकले लुटिरहेका कयौँ मलिन अनुहारहरू*
*उपचार नपाएर छट्पटिएका हजारौँ जनहरू*
*खान नपाएर तड्पिरहेकाहरू*
*बस्ने सानो झुपडी नभएर सडकमा भौँतारिएका*
*सुकुमबासी र दुखियाहरू*
*ती सबै मेरा आफन्तहरू हुन्*
*मेरो आफ्नै नजिकका हितैसीहरू हुन्*
*मेरा नातेदारहरू हुन्*
*कञ्चनजङ्घालाई थाहा रहेनछ*
*मेरो आमाको कानमा सुन छैन*
*आङमा राम्रो सारी छैन*
*तर अहँ कहिलै सुन ल्याइदे भन्नुभएन*
*बरु भन्नुभयो- छोरा ! त्यो छिमेकी अस्पतालमा छ रे*
*पैसा नभएर छट्पटिएको छ*
*जा ! गएर सकेको सहयोग गर*
*म मेरी आमाको सपना, चाहना पूरा गर्दैछु !*
*किनकि ती सबै दुःखीहरू मेरी आमाका आफन्तहरू हुन्*
*मेरी आमालाई त्यति बेला दुःख लाग्नेछ*
*जतिबेला मैले मात्र मेरा लागि*
*सुखको आकाङ्क्षा राख्ने छु र एक्लै रमाउनेछु*
*आमा त्यतिबेला मूर्छित बन्नेछिन्*
*जतिबेला म आफ्नो उद्देश्यबाट भाग्नेछु*
*र आमा त्यति बेला ढल्नेछिन् जति बेला*
*मैले कञ्चनजङ्घाजस्तै निर्जीव दर्शक बनेर*
*दुनियाँको दुःखको अगाडि मुसुक्क मुस्कुराउनेछु*
*हाँस्नेछु...*
*त्यसैले*
*भयो ! कञ्चनजङ्घा मलाई तेरो आदर्श*
*तेरो अर्ती चाहिएको छैन*
*मलाई त बरु तेरो साथ चाहिएको छ*
*दुनियाँलाई भनिदे ! क्रान्तिकारी यस्तो जात हो*
*जसले मलाई युगयुगसम्म हाँस्न सक्षम बनाइराख्न*
*सक्छ*

## कि जितेर फर्किन्छु ...

गर्व छ ।

यति भनिसकेपछि ऊ मेरो हात छुटाएर फुत्कियो र हिँड्यो । अलि पर पुगेपछि फर्किएर उसले के भन्यो सर, थाहा छ ?

सुनीताले काँप्दो स्वरमा बलिन्द्र धारा आँसु चुहाउँदै भन्नुभयो-

मन दुखायो नभन्नू । म क्रान्तिको सिपाही बनिसकेको छु । म जितेर फर्किन्छु कि सहिद बनेर...।

त्यसपछि पनि सुनितासँग कमरेड रामकुमारको उपचार, हेरचाह, पार्टी र अस्पतालले गरेको र गर्नुपर्ने सहयोगका बारेमा धेरै कुरा ए ।

कुरा हुँदाहुँदै अस्पतालबाट फोन आयो- रामकुमारले आँसु झार्नुभयो । मान्छे चिन्नुभयो । अब उहाँलाई सामान्य बेडमा सार्ने कुरा भइरहेको छ ।

मैले यो खुसी सुनितालाई नसुनाइरहन सकिनँ ।

यो सुनेर उहाँ मुख छोपेर फेरि भक्कानिनुभयो- मेरो रामुको होस खुल्यो सर ? साँच्चै हो नि ? के अब मेरो रामु बाँच्छ त ? अपाङ्गै भएर पनि मेरो भाइ बाँच्यो भने म कति कुरा गर्छु ऊसँग । तर प्रहरीले भनेको छ रे होस खुलेपछि पनि रामुलाई छोड्न मिल्दैन । गिरफ्तारीमै राखेर उपचार गराउनुपर्छ । बरु प्रहरीकै घेरामा भए पनि उपहार होओस् र मेरो भाइलाई म देख्न पाऊँ...। सुनिताले मुख छोप्दै, रुँदै, मतिर हेर्दै तीनचारपटक आकाशतिर हेर्नुभयो र भन्नुभयो- सर, आजको दिन कति खुसीको दिन रहेछ । मैले तपाईंसँग आएर यति धेरै खुसीको कुरा सुन्न पाएँ ।

उहाँ बालकले जस्तो गुनगुनाउनुभयो- साँच्चै अब मेरो रामु बाँच्ने भयो, मैले भाइ देख्न पाउने भएँ ।

त्यसपछि हामी छुट्टियौँ ।

उहाँले त्यस साँझ र भोलिपल्टसम्म पनि मलाई फोन गरेर रामकुमारका बारेमा सोधिरहनुभयो ।

मैले साथीहरू र अस्पताल प्रशासनसँग सोध्दा उहाँको अवस्था सामान्य हुँदैछ । उपचारमा अस्पतालले धेरै गम्भीर भएर सहयोग गरिरहेको छ भन्ने जबाफ आइरह्यो ।

सुनितासँग भेट भएको अर्को शुक्रबार बिहान एक्कासि उहाँले फोन गर्नुभयो र भन्नुभयो- सर रामुलाई फेरि आज भेन्टिलेटरमा सारियो रे । रामुँसँगै भएको भाइले बुबालाई तुरुन्त पठाइदिनू भनेर फोन गर्‍यो...। इति भनेपछि उहाँ फेरि भक्कानिनुभयो । मैले केही सम्झाउने प्रयास गरेँ ।

म साथीहरूलाई सोधेर फोन गर्छु है भन्दै मैले फोन राखेँ ।

यता बुझ्दा साथीहरूबाट रामकुमारको स्वास्थ्य फेरि बिग्रियो । चिकित्सकहरूले साठी-चालीस आशावादी रहेको कुरा गरेका छन् भन्ने खबर आयो । मैले सुनितालाई फोन गरेर त्यही सुनाएँ र भनेँ- कमरेड रामकुमार देशका लागि, वर्गका लागि लड्नुभएको हो । उहाँ झुक्किएर दुर्घटनामा पर्नुभएको होइन । हामीले जस्तोसुकै परिणाम पनि बेहोर्न तयार हुनुपर्छ । मन अलि धैर्य र शान्त राख्नुहोला । उपचार र रेखदेखमा कुनै कमी हुनेछैन ।

सुनिता ढुक्क हुनुभयो र भन्नुभयो- हामी परिणाम स्वीकार गर्न तयार छौँ सर ।

सुनितासँग यस्तो कुरा भएको भोलिपल्ट शनिबार बिहानै अपशकुनको सन्देश आयो- कमरेड रामकुमार एकीकृत जनक्रान्तिको आठौँ र काठमाडौँ विस्फोटको पाँचौँ महान् सहिद बन्नुभयो । देशले फेरि एकजना योद्धा गुमायो ।

हामी देश, जनता, वर्ग र क्रान्तिका लागि आवरश्यकताअनुसार सहिद बन्न तयार भएर सचेततापूर्वक वर्गसङ्घर्षमा लागेका मानिसहरू हौँ । कमरेड स्टालिनले भन्नुभएको थियो, कम्युनिस्टहरू भिन्नै धातु अर्थात् इस्पातले बनेका हुन्छन् । हामीले यस्तै भन्दै पञ्चायतकाल, संसदीय शाहीकाल र दलाल संसदीय व्यवस्थासमेत तीनवटा क्रूर, निरङ्कुश तथा अनुदारवादी शासन झेलिसकेका छौँ । दलाल सरकार जोसुकैलाई समातिरहेको छ र भटाभट हिरासत र जेलमा कोचिरहेको छ । नेकपाका स्थायी समिति सदस्य कमरेड सुदर्शनसहित ६ सयभन्दा बढी नेता-कार्यकर्ता यतिबेला वली-प्रचण्ड सरकारको हिरासत र जेलमा बन्दी छन् । तर पनि क्रान्ति तुफानी वेगले अघि बढिरहेको छ । जनयुद्धकालमा तत्कालीन सरकारले देश र जनताका पक्षमा पत्रकारिता र साहित्यको माध्यमबाट विद्रोह गरेको भन्ने कुरा र प्रमाणले मात्र नपुगेर भट्टेडाँडा प्रहरीचौकीमा आक्रमण गरेर प्रहरीको हत्या गरेको आरोपसमेत लगाएर बेपत्ता बनाएको थियो । अब अरु कुनै बहाना बनाउँदै होला ।

यति अनुभव हुँदाहुँदै पनि मैले पनि आफूलाई थाम्न सकिनँ । अब यो सन्देश सुनितासम्म मैले कसरी पुर्‍याउने होला ? मनमा छटपटी भयो । मैले साथीहरूलाई भनेँ- सुनितासम्म यो सन्देश पुर्‍याउने शक्ति मसँग छैन, तपाईंहरूले पुर्‍याउनुहोला...! अनि यो पनि नभुल्नुहोला- देश र जनताको मुक्तिका लागि सहिद बन्ने र आफ्नो शवमाथि पार्टीको झन्डा ओढाइनेमा कमरेड रामकुमारलाई पूरै विश्वास थियो । पार्टीमाथि प्रतिबन्ध लगाइएको छ । पार्टीका चिनिएका नेता-कार्यकर्ताहरू झन्डा ओढाउन र सहिद घोषणा गर्न जाने अवस्था छैन । यो काम तपाईंहरूले मिलाएर गर्नुहोला ।

... ... ...

इतिहासमा संयोग पनि कस्तोकस्तो पर्छ । सहिद रामकुमार श्रेष्ठ र सहिद गङ्गालाल श्रेष्ठको जीवनका केही कुरा संयोगजस्तै मिलेका छन् । गङ्गालाल रामेछापको भँगेरीमा जन्मिनुभयो र बुबाको जागिरसँगै भाइ पुष्पलाललाई लिएर ओखलढुङ्गा जानुभयो । रामकुमार पनि रामेछाप गैराथोकमा जन्मिनुभयो र ओखलढुङ्गामा हुर्किनुभयो । गङ्गालाल बुबा भक्तलाल, परिवार र आफन्तले कति सम्झाउँदा पनि नमानी, राणा शासकहरूले कति प्रलोभन दिँदा पनि नफसी हाँसीहाँसी नेपालका प्रथम विद्यार्थी सहिद बन्नुभयो । रामकुमार पनि घरपरिवारलाई सम्झाउँदै कि मुक्ति कि सहिदको शपथ खाँदै एकीकृत जनक्रान्तिका लागि रामेछापका प्रथम सहिद हुनुभयो । दुवैको बलिदान काठमाडौँमै भयो ।

## श्रेष्ठको निधनप्रति ...

परिवारजनप्रति हार्दिक समवेदना पनि व्यक्त गरेका छन् । गिरिबहादुर श्रेष्ठ महान् जनयुद्धमा तत्कालीन राज्य सत्ताबाट बेपत्ता बनाइएका हेमनारायण श्रेष्ठका बुबासमेत हुनुहुन्थ्यो ।

महासचिव विप्लवले वक्तव्यमा भनेका छन्, ' वर्तमान केपी-पीके कम्पनीको दलाल पुँजीवादी सरकारले हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाएपछि सयौँ नेता-कार्यकर्तामाथि झूट्टा मुद्दा लगाएर हिरासत र जेलको यातनापूर्ण जीवन बिताउन बाध्य पारेको छ । कमरेड पुष्करलाई पनि विभिन्न झूट्टा मुद्दा लगाएर बन्दी बनाइएको छ । बुबा गिरिबहादुर श्रेष्ठले अन्तिम समयमा छोरा पुष्करसँग भेट गर्ने इच्छा व्यक्त गर्नुभएको तर उहाँको अन्तिम इच्छालाईसमेत लत्याउँदै यो सरकारको गृह प्रशासनले क्रूरता र निचताको पराकाष्ठा प्रदर्शन गरेको छ । मानवीय संवेदनशीलतामा समेत क्रूरता प्रदर्शन गर्ने केपी-पीके कम्पनीको यस्तो क्रियाकलापप्रति हामी खेदसमेत प्रकट गर्दछौँ ।'

## जनयुद्धकालमा कब्जा ...

गौशाला नगरपालिका ८ नवराजपुरको बजरङ्ग भनी चिनिने सामन्तको ६० बिघा जमिन जनयुद्धकालमा कब्जा गरिएको थियो । उक्त जमिन हाल आएर केही दलाल, स्थानीय सरकारका वडा अध्यक्ष र केही गुन्डाहरूको मिलोमतोमा बिक्री गरेको, स्थानीय किसान र सुकुमबासीहरूलाई डर, त्रास, धम्की दिएको, घरपरिवारलाई यातना दिन रातीराती मदिराको नशामा किसान र सुकुमबासीहरूलाई दुःख दिने गरेको छ । यो हर्कत तुरुन्त रोक्न र यस्तो खालको गतिविधि नदोहोर्‍याउन यसै वक्तव्यमार्फत जानकारी गराउँछौँ ।'

किसान र सुकुमबासीहरूमाथि उक्त घटना दोहोरिएमा हदैसम्मको कारबाही गर्न नेकपा बाध्य हुने वक्तव्यमा जनाइएको छ २०७६ जेठ ३१ गतेदेखि जमिन पुनः नेपाल कम्युनिस्ट पार्टीले कब्जा गरेको भन्दै वक्तव्यमार्फत राज्यलाई चुनौती दिइएको छ ।

## विजय दर्नाल ...

मजदुरहरूलाई आधुनिक दास बनाउन पुरानै व्यवस्था लादिएको छ । श्रम ऐन कानुनविपरीत श्रम शक्तिमाथि बेलगाम अन्याय, अत्याचार श्रमिक जनताको श्रम शोषण अहिलेको सामाजिक दलाल, पुँजीवादी सरकारद्वारा भैरहेको छ । आम मजदुर वर्ग राज्यको नीति, नियमबाट प्रताडित बनिरहेको अहिलेको सन्दर्भमा क्रान्तिकारी मजदुर आन्दोलनलाई थप सशक्त बनाउन अनिवार्यजस्तै बन्न पुगेको छ ।'

'श्रमिक वर्गको आशा र भरोसा बन्न सफल हाम्रो सङ्गठनले दलाल संसदीय व्यवस्थाका विरुद्ध आमशोषित-पीडित नेपाली श्रमिक वर्गलाई गोलबन्द गर्ने कार्यले यहाँका दलालहरूको निद्रा बिथोलिदिएको छ । तसर्थ नेकपाले अवलम्बन गरेको वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र मजदुरहरूको जीवनमा परिवर्तन ल्याउन सक्छ भन्ने निष्कर्षसहित हाम्रो सङ्गठन अगाडि बढिरहेको छ ।' वक्तव्यमा भनिएको छ ।

अध्यक्ष झाँक्रीको वक्तव्यमा लेखिएको छ, ' यतिबेला हजारौँ मजदुरहरूको न्यायका निम्ति क्रियाशील हाम्रो सङ्गठनको थप जिम्मेवारी बढेको बेला महासङ्घको केन्द्रीय उपाध्यक्ष एवम् पूर्वी कमान्ड इन्चार्ज विजय दर्नाल 'सर्वश्रेष्ठ' राष्ट्र र श्रमिक जनताप्रति गद्दारी गर्दै सङ्गठन परित्याग गरी विरोधीको क्याम्पमा लम्पसार पर्दै गैरजिम्मेवार हर्कत देखाएको हुँदा उनको उग्र क्रान्तिकारी चरित्रको पर्दाफास भएको छ । वर्गसङ्घर्षको बाटो त्यागी वर्गसमन्वयको बाटो रोजेका विजय दर्नाललाई महासङ्घको नीतिविपरीत कार्य गरेकाले आजैका मितिबाट महासङ्घको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरिएको छ ।'

## नेकपामाथिको प्रतिबन्ध ...

विचारधाराको प्रभावविरुद्ध निर्देशित थियो न हिजो नेपालको जस्तै मार्क्सवादी–लेनिनवादी वामपक्षको सरकारद्वारा थोपरिएको थियो ।'

केपी वलीलाई सम्बोधन गरेर लेखिएको पत्रमा अगाडि भनिएको छ, 'निश्चित रूपमा, नेपालका कम्युनिस्ट पार्टी र वामपन्थी शक्तिहरूका बीचमा धेरै नै सैद्धान्तिक, वैचारिक–राजनीतिक भिन्नताहरू रहेका छन् । सम्बन्धित ठोस कामका बारेमा पनि उपयुक्त आलोचनाहरू पनि रहेका छन् तर वामपन्थी शक्तिहरूका बीचमा जहिले पनि बहसलाई आलोचना र आत्मालोचनाको प्रक्रियामा गरिनु पर्दछ । क्रान्तिकारी शक्तिहरूमाथि प्रतिबन्ध लगाउँदा आवश्यकप्रति साम्राज्यवादी सङ्घर्ष र समाजवादी विश्वका लागि गरिएको सङ्घर्षलाई कमजोर बनाउँछ ।'

पत्रको अन्त्यमा भनिएको छ, 'यही चेतनामा, हामी विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमाथि लगाइएको प्रतिबन्धको विरोध गर्दछौँ । साथै तपाईंलाई यस निर्णयमा पुनर्विचार गर्न अनुरोध गर्दछौँ अथवा हामीलाई थप औचित्य उपलब्ध गराइदिन अनुरोध गर्दछौँ ।'

## चीनलाई फुटाउन ...

तालिम र सम्मेलन भइरहेका छन् । विदेशी र पश्चिमा राष्ट्रहरूको गतिविधि बढ्दै आइरहेको छ । यसलाई नियन्त्रण गर्नुपर्छ ।'

सिन्चुवान प्रान्तलाई चीनबाट अलग गराउनका लागि काठमाडौँमा विदेशी र पश्चिमाहरू आएर तालिम चलाइरहेको नेकपाका प्रमुख सचेतक गुरुङले संसद्मा जानकारी गराइरहँदा गृहमन्त्री रामबहादुर थापाले आफूलाई सचेत गराएका थिए ।

अमेरिकासँग अध्यागमन कार्यालयको डाटा राख्न 'पाइचिस सफ्टवेयर' राख्ने सहमति नेपाल सरकारले गरेकोमा सांसद गुरुङले विरोध गरे । उनले भने, 'अध्यागमनमा पाइचिस सफ्टवेयर राख्न अमेरिकासँग भएको सहमति खारेज गर्नुपर्छ । नेपाल आफैँले सफ्टवेयर बनाउनुपर्छ ।'

गुरुङले इन्डोप्यासिफिक सैन्य सङ्गठनको पनि विरोध गरे । उनले नेपाललाई इन्डोप्यासिफिक सैन्य सङ्गठनबाट बाहिर राख्नुपर्ने बताए ।

'तत्कालीन सोभियत सङ्घलाई फुटाउन अमेरिकीहरूले 'नेटो' सैन्य गठबन्धन बनाएका थिए । नेटोले नै पछि गएर सोभियत सङ्घलाई फुटायो', उनले भने, 'एसिया प्यासिफिक सैन्य गठबन्धनमा नेपाल छैन भनिएको छ । इन्डोप्यासिफिक सैन्य गठबन्धन नेपालको भूमि प्रयोग गरेर चीनलाई फुटाउन बनाइएको सङ्गठन हो ।'

अमेरिकीहरू दुई-तीन महिनामा नेपाल आएर नेताहरूको घरघरमा गएर भेट्ने गरेको भन्दै सरकारी नेकपाका नेता गुरुङले अमेरिकीहरूको उक्त कार्य तत्काल रोक्न माग गरे ।

'हाम्रो देशको भूमि प्रयोग गरेर छिमेकीलाई फुटाउन दिनु हुँदैन । अमेरिकीहरूलाई घरघरमा गएर नेताहरूलाई भेट्ने अनुमति कसले दियो ? उत्तरकोरियाली दूतावास नेपालबाट निकाल्नुपर्‍यो भनेर दबाब दिइरहेका छन्', उनले भने, 'नेताहरूको घरघरमा जाने अधिकार अमेरिकीले कसरी र कुन हैसियतले पाएको छ ?'

'नेपालले अरूलाई तीन महिना भिसा दिएको छ तर अमेरिकीहरूलाई छ महिनाको भिसा दिइन्छ', उनले भने, 'भोलेन्टियरमा पनि अरूलाई एक वर्षको भिसा दिइन्छ तर अमेरिकीलाई दुई वर्षको भिसा दिने गरिएको छ । नेपालमा पश्चिमाहरूको गतिविधि बढ्दै गइएको छ । यो नेपालका लागि ठूलो दुर्भाग्य हुनेछ ।'

## सुकेधारा विष्फोटका ...

गम्भीर चोट र क्षति पुर्‍याएको छ । हामी सिङ्गो पार्टीका तर्फबाट उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौँ र उच्च त्याग, शौर्य र साहसका साथ बलिदान गर्नुहुने कमरेड रामकुमार श्रेष्ठलाई सहिद घोषणा गर्दछौँ ।'

महासचिव विप्लवको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टी सहिदहरूको बलिदान खेर जान नदिने साथै एकीकृत जनक्रान्ति सफल गरिछाड्ने प्रतिबद्धता प्रकट गर्दछ । साथै राज्यआतङ्क, जनदमन र राष्ट्रघातका विरुद्ध सम्पूर्ण कम्युनिस्ट क्रान्तिकारीहरू, देशभक्त र लोकतान्त्रिक शक्तिहरूलाई एकताबद्ध भएर सङ्घर्षमा अघि बढ्न विशेष आह्वान पनि गर्दछौँ ।'

स्मरणीय छ, यसअघि जेठ १२ गते काठमाडौँमा भएको विस्फोटमा पार्टी, जनमुक्ति सेना, जवसका कमान्डर महान, दीपेन्द्र, प्रज्वल शाही र निरन्तरको सहादत भएको थियो । नेकपाले यसप्रकारको घटना कसरी हुनपुग्यो, त्यसको सत्यतथ्य जनतामा ल्याउने प्रतिबद्धता व्यक्त गरिसकेको छ । पार्टीले यी सबै घटना हुनुको मुख्य दोषी केपी सरकारको फासिवादी दमन नै रहेको पनि जनाएको छ । उक्त दिन काठमाडौँका विभिन्न स्थानमा भएका विस्फोटका घाइतेहरूको विभिन्न स्थानमा उपचार भइरहेको छ ।

नेपाल बन्दको पूर्वसन्ध्यामा गत जेठ १२ गते साँझ सुकेधारा बम विस्फोटमा परी गम्भीर घाइते भएका रामकुमार श्रेष्ठको शनिबार बिहान निधन भएको छ । मन्थली नगरपालिका ४, गैराथोक, रामेछाप जन्म भएर मावली ओखलढुङ्गामा अध्ययन गरेका श्रेष्ठको उपचार ओम अस्पताल चाबहिलमा हुँदै आएको थियो । भेन्टिलेटरमा राखेर उपचार हुँदै आएका रामकुमारको स्वास्थ्यमा सुधार आएपछि अस्पताल प्रशासनले केही दिन आईसीयूमा राखेर उपचार गरेको थियो ।

## काठमाडौँ बम विस्फोटमा राम कुमार श्रेष्ठको पाँचौँ बलिदान

रामकुमारसहित जेठ १२ गते आन्तरिक दुर्घटनामा परी बलिदान गर्नेको स˜ˆ्या पाँच पुगेको छ । सुकेधारा विस्फोटमा परी जनमुक्ति सेनाका योद्धा एवम् जवसका महान, दीपेन्द्र र निरन्तर तथा अनामनगर घट्टेकुलो विस्फोटमा परी विद्यार्थी नेता प्रज्वल शाहीको निधन भएको थियो । सुकेधारा विस्फोटमा परी गम्भीर घाइते भएका सुरेन्द्र महर्जन र हरि खड्काको गम्भीर अवस्थामा उपचार भइरहेको छ ।

सुकेधारा विस्फोटमा परी गम्भीर घाइते भएका सुरेन्द्र र हरि तीनैजनाको अनुहार नचिनिने अवस्थामा उपचार भइरहेको थियो । गम्भीर घाइते भएका उनीहरूको स्वास्थ्यमा क्रमशः सुधार आइरहेको र उपचारमा अस्पतालको राम्रो सहयोग रहेको स्रोतले जनाएको छ ।

केपी वली सरकारले जेठ ७ गते भोजपुरमा राजनीतिक कार्यक्रममा निःशस्त्र हिँडिरहेका नेकपाका युवा नेता तीर्थ घिमिरे 'राजु' लाई गिरफ्तार गरी हत्या गरेपछि त्यसको विरोधमा जेठ १३ गतेका लागि नेपाल बन्दसहित आमहडताल घोषणा गरिएको थियो । बन्दको पूर्वसन्ध्या र बन्दमा काठमाडौँलगायत देशभर सयौँ स्थानमा विस्फोट गराइएको थियो । सुकेधारा विस्फोटका क्रममा महान, दीपेन्द्र, निरन्तर, रामकुमार, सुरेन्द्र र हरि घाइते भएका थिए । सुकेधारा विस्फोटका महान, दीपेन्द्र र निरन्तर तथा अनामनगर विस्फोटका प्रज्वलको तत्काल निधन भएको थियो । अनामनगर र थानकोट विस्फोटका घाइतेहरूको पनि विभिन्न स्थानमा उपचार भइरहेको छ । यसअघि भोजपुरमा प्रहरीद्वारा मारिएका तीर्थ, सुकेधारा विस्फोटका महान, दीपेन्द्र, निरन्तर तथा अनामनगर विस्फोटमा बलिदान गर्ने प्रज्वललाई नेकपाका महासचिव विप्लवले विज्ञप्ति जारी गरी सहिद घोषणा गरिसकेका छन् ।

यसै क्रममा विस्फोटमा परी घाइते भएकाहरूलाई सरकारले भयभीत पारेर उपचारमै अवरोध गरिरहेको भन्दै नेकपाले वली-बादल गृह प्रशासनलाई चेतावनी दिएको थियो । नेकपाका प्रवक्ता प्रकाण्डले जारी गरेको विज्ञप्तिमा भनिएको थियो, 'फासिस्ट दलाल सरकारको गृह प्रशासनले घाइतेका आफन्तलाई सहज रूपमा भेट्न नदिने, तर्साउने, अवरोध गर्ने, बिरामीलाई 'एम्बुस' का रूपमा प्रयोग गर्ने, कुरुवालाई दुःख दिने, बिरामीलाई भयभीत पारेर उपचारमै अवरोध गरिरहेको छ । हाम्रो पार्टी त्यो व्यवहारको निन्दा गर्दछ ।'

स्मरणीय छ, युद्ध चलेको समयमा समेत घाइतेहरूको जीवन रक्षाका लागि विद्रोही र सरकारले मानवीय व्यवहार गर्ने चलन छ तर सरकारले घाइतेलाई नै मानवढाल र एम्बुस बनाएर नेकपाका नेता-कार्यकर्ता चिन्ने, गिरफ्तार गर्ने र घाइतेहरूको उपचारमा व्यवधान गर्ने गरेर अमानवीयताको निकृष्ट उदाहरण दिएको थियो ।

नेकपाले वर्तमान व्यवस्थालाई दलाल पुँजीवादी र सरकारलाई फासिवाद उन्मुख सामाजिक दलाल पुँजीवादी घोषणा गरेर एकीकृत जनक्रान्ति अघि बढाएपछि आठ जनाको बलिदान भइसकेको छ ।

## जनयुद्धका वेपत्ता ...

घटनाको स्मरणमा आयोजित कार्यक्रममा विभिन्न मानवअधिकारकर्मी, राजनीतिकर्मी, बेपत्ता योद्धाका आफन्तहरूले अहिलेसम्म राज्यले बेपत्ता योद्धाहरूको अवस्था सार्वजनिक गर्न नसकेको भन्दै दुःख व्यक्त गरे ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता तथा बेपत्ता योद्धा परिवार समाज, नेपालका अध्यक्ष एकराज भण्डारीले 'शान्तिप्रक्रिया र वर्तमान राजनीतिक परिस्थिति' विषयमा अवधारणापत्र प्रस्तुत गर्दै यतिबेला देशको राजनीतिक अवस्थाले पनि बेपत्ता नागरिक सार्वजनिक हुन नसकेको बताए । भण्डारीले कम्युनिस्ट पार्टीको नेतृत्वमा दुईतिहाइ बहुमतको सरकार भए पनि पनि जनतामा स्थिर सरकारको अनुभूति हुन नसकेको धारणा राखे । वरिष्ठ अधिवक्ता भण्डारीले दुई पार्टी, दुई अध्यक्ष, दुई फरकफरक वैचारिक आधार, जनयुद्धप्रतिको दुई फरक दृष्टिकोण, यसरी यी दुई फरकफरक विचार, राजनीति र स्वार्थ बोकेका पार्टीबाट स्थिर सरकारको अपेक्षा गरिहाल्नु वस्तुनिष्ठ नहुने बताए ।

भण्डारीले मुलुकमा सुशासन नभएको, जताततै भ्रष्टाचार मौलाएको, मिडियालाई सरकारले भजनमण्डली बनाउन खोजेको र सरकारमा रहेको पार्टीकै नेतृत्व तहमा भ्रष्टाचारको प्रश्न उठ्दा पनि उनीहरूलाई सरकार प्रमुखले छानबिनमा नल्याएका कारण सरकार आफैँ दोषी रहेको प्रस्ट पारे ।

भण्डारीले 'सरकार संसदीय निरुङ्कुशताको संज्ञा दिँदै शान्ति पक्षधर विद्रोही माओवादी विभाजित भएर बनेको विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले दलालहरूद्वारा सञ्चालित संसदीय पद्धति नेपालमा लागू हुन नसक्ने, यो पद्धति नेपाली जनताका पक्षमा हुन नसक्ने र यसको विकल्पमा वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्नुपर्ने भन्दै सङ्घर्ष अघि बढाएको बताए । उनले संविधानमा दल खोल्न पाउने स्वतन्त्रतालाई मौलिक हकका रूपमा उल्लेख रहे पनि सरकारले नेपाल कम्युनिस्ट पार्टीलाई आपराधिक समूह भन्दै प्रतिबन्ध लगाएको र विचार र आस्थाकै आधारमा विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता र पेसाकर्मीहरूलाई दिनहुँ पक्राउ गर्ने र हिरासतमा राख्ने क्रम तीव्र पारिएको बताए । अदालतको आदेशलाई जानाजान अवज्ञा गर्दै अदालत हाताबाट नै पुनः पक्राउ गरी विभिन्न जिल्लामा घुमाउने र पञ्चायती शैलीमा आत्मसमर्पण गराउने गरिएको छ । आज पनि उक्त पार्टीका नेता र कार्यकर्ताहरू विभिन्न जेल र हिरासतमा रहेका छन् ।'

कार्यक्रममा राष्ट्रिय मनावअधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले देशमा दिगो र शान्तिपूर्ण इमानदारी भने कतै पनि नभएको बताउँदै सरकार गठन भएको नौ महिनापछि गठन गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोगले अहिलेसम्म कुनै राम्रो काम नगरेको बताए । शर्माले बेपत्ता आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमा राजनीतिक हस्तक्षेप भएकाले आयोगहरूले अहिलेसम्म कुनै काम गर्न नसकेको बताए

नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद सिटौलाले युद्धमा धेरै जघन्य घटनाहरू भएको भन्दै त्यो पनि नियमभित्र हुनुपर्नेमा दुवै पक्षबाट हुन नसकेको धारणा राखे । उनले भने, 'अहिले सरकारको क्रियाकलापले गर्दा देशमा अर्को ठूलो विद्रोह हुनसक्छ ।'

नेता सिटौलाले विप्लव नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाएर सरकार फासिवादतिरको बाटोमा लागेको बताए । शान्तिपूर्ण आन्दोलन राजनीतिक पार्टी खोल्न पाउने अधिकार सरकारले गम्भीर उल्लङ्घन गरेको बताउँदै उनले बेपत्ता योद्धा परिवार समाजका सदस्यहरू एकताबद्ध भएर अगाडि बढ्नुपर्ने र यसमा काङ्ग्रेसको साथ रहने बताए ।

सरकारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता योगेश भट्टराईले सहिद तथा बेपत्ता योद्धाको सपनाप्रति आफ्नो पार्टीले हार्दिक सम्मान व्यक्त गर्दै सहिद तथा बेपत्ता योद्धा परिवार र आम नेपाली जनताले ल्याएको परिवर्तन गणतन्त्र भएको बताए ।

मानवअधिकारकर्मी भवानी खरेलले वर्तमान सरकारले बेपत्ता परिवारका पक्षमा काम गर्न नसकेको ठोकुवा गर्दै विप्लव नेकपाका कार्यकर्ता भन्दै जोकोहीलाई झूट्टा मुद्दा लगाई गिरफ्तार गरेर हिरासतमा यातना दिने, जेल चलन गर्ने कार्यको विरोध गरे ।

पूर्व सभामुख तथा वरिष्ठ अधिवक्ता दमननाथ ढुङ्गानाले राज्यको कार्यप्रति असन्तुष्टि व्यक्त गर्दै जनताले राज्य कहाँ छ ? बेपत्ता योद्धाको सार्वजनिक गर्ने जिम्मा कसको हो ? बेपत्ता मात्र होइन, राज्यलाई नै खोज्नुपर्ने बेला आएको बताए ।

कार्यक्रममा काङ्ग्रेस नेता प्रदीप पौडेल, वरिष्ठ अधिवक्ता कृष्ण भट्टाराई, भवनी खरेल, देवबहादुर पोखरेल, कपिलचन्द्र पोखरेल, वरिष्ठ मानवअधिकारकर्मी चरण प्रसाईं, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रमको अध्यक्षता एकराज भण्डारीले र सञ्चालन कान्ति ढुङ्गानाले गरेका थिए ।

नियमित

# विकल्पको खोजीमा



कलाधर आचार्य

*'पहिले आफू जवान हुँदा नेता बन्ने रहर थियो*
*अलिपछि देशभरका नेता गन्ने रहर थियो*
*हुँदाहुँदै त्यो पनि आसै मर्‍यो, खै के हुने हो*
*एउटा सद्दे मान्छेलाई नेता भन्ने रहर थियो ।'*

यो अभिव्यक्ति हो, कवि तीर्थराज अधिकारीको । एक थान संविधान आएर पनि के गर्नु खै, समाधान त्यत्तिमा मात्र देखिँदैन । प्रयोगकर्ता नै बिरालोले बाँदरको खाजा बाँडेजस्तो रूपमा प्रस्तुत भएपछि कहाँ गएर शान्ति खोज्नु ?

२०३६ सालपछि प्रत्येक दसदस वर्षमा उथलपुथल र परिवर्तन भएको देखिन्छ । २०७६ सालमा त्यस्तै प्रबल सम्भावना देखिएको छ । देशमा शान्तिसुरक्षाको अभाव, भूमाफियाहरूको बिगबिगी, दलाल, सिन्डिकेट तथा बिचौलियाहरूको चलहपहल र भ्रष्टाचारको कहालीलाग्दो अवस्था । कागज र बोलीमा भ्रष्टाचारको अन्त्य भए पनि व्यावहारिक रूपमा त्यसको समाधान हुन सकेको छैन । दिनहुँ बलात्कार र भ्रष्टाचारका घटना भइरहेकै सुनिन्छ । ताल, पोखरी, सार्वजनिक गुठी जग्गा तथा बालुवाटारको जग्गा, त्यतिले मात्र नपुगेर हुँदाहुँदै पशुपतिनाथ मन्दिरको स्वामित्वमा रहेको जग्गामध्ये २३१ रोपनी भूमाफियाहरूको चङ्गुलमा फसिसकेको छ । अझै घृणित र दुःखदायी विषय त त्यहाँका प्रत्येक मठहरूमा रहेको भेटीसमेत गायब पारिएको छ । खै त सरकार ? कि कतै त्यस्तैहरूसँग काँधमा काँध मिलाई हिँडिरहेको त छैन ? अन्यथा किन थाहा नै नपाएझैँ गरी कानमा तेल राखेर सन्चो मानी निदाइरहेको छ ।

समाजमा भए गरेका राम्रा कामहरूको प्रशंसा र नराम्रा, विकृति, विसङ्गतिपूर्ण कार्यहरूको विरोध र भर्त्सना गर्न पाउनु पत्रपत्रिका जगत् तथा सञ्चारमाध्यमहरूको अधिकार र कर्तव्य पनि हो । तर यहाँ कोही, कसैको पोल खुल्ने डरले त्रसित भएर सार्वजनिक मिडियासम्बन्धी प्रेस स्वतन्त्रता नाउँको कलङ्कित विधेयक संसद्मा प्रस्तुत भैरहेको छ ।

पुष्पलाल, बीपी कोइराला, गणेशमान सिंह र मदन भण्डारी पनि नेता, अहिलेका भुइँफुट्टा, दोहोरो चरित्र तथा भूमिकासमेत भएका, त्यसैगरी नागरिकतासमेत प्राप्त गरेका, हास्यव्यङ्ग्य कलाकारजस्तो भएर प्रस्तुत हुने, क्या गजब छ बा !

सही र वास्तविक कुरा सार्वजनिक रूपमा प्रस्तुत गर्न नपाउनु, नराम्रा कार्यहरूको भण्डाफोर गरी नागरिकहरूले प्राप्त गरेको अधिकारबाट वञ्चित गर्न खोज्नु, के त्यसो भए यही नै हो त लोकतान्त्रिक गणतन्त्रको उपलब्धि ? अन्यथा बाध्य भएर भन्नुपर्ने हुन्छ, छाडातन्त्र, लुटतन्त्र, भ्रष्टतन्त्रको बिगबिगी र १०४ बर्से राणा जङ्गबहादुरको उदय भयो भनेर । सार्वभौम देशका नेपाली नागरिकहरू सार्वभौम नै भएर बाँच्न चाहन्छन्, अनावश्यक विषयमा कसैको पनि दबाबमा रहन, बस्न चाहँदैनन् । कुरा उठ्ला संविधानको, सबैले पालना गर्नुपर्दछ । यहाँ संविधान, ऐन, कानुन, नियमहरू दोहोरो अर्थ लगाउन मिल्ने खालका छन्, वा, तर अथवा आफ्नो स्वार्थपूर्ति गर्ने क्रममा एकथरी र नागरिकहरूलाई अर्कोथरी । न्यायालयले समेत एउटै मुद्दामा पटकपटक आफ्नो अनुकूल हेरी फैसला गर्ने ! के न्याय भन्ने अक्षर दुईथरीका हुन्छन् र ? सही ठाउँमा, सही, योग्य र क्षमतावान् व्यक्तिको अभाव छ । आफ्ना आसेपासे कार्यकर्ताहरूको चाकडी गर्दागर्दै ठिक्क छ । योग्य, इमानदार र लगनशील व्यक्तिहरू ओझेलमा छन् । हुनत पानीको मुहान नै फोहोर भएपछि तलतिर बगेर आउने पानी कसरी सफा हुन्छ र । मेलम्चीको पानी आउला भन्ने आशामा बस्नेका मानिसहरु तीन दशकपछिसम्म कमिसनको चक्कर दखेर छक्क छन् ।

कम्युनिस्टको त परै जाओस्, काङ्ग्रेसकै कुरा गरौँ न । जनआन्दोलनपछि गणेशमान सिंहलाई प्रधानमन्त्री बन्न आग्रह गर्दा मेरो इच्छा पुग्यो, कृष्णप्रसाद भट्टराईलाई तपाईं बन्नोस् भनी जबाफ दिएका थिए । अहिलेका नेताहरू त सत्ता, पद र पैसाका लागि इज्जत र ज्यानको बाजी नै लगाउँछन् । देश र नागरिकहरूको सेवा र विकास गर्न बाहिर बसेर पनि योगदान गर्न सकिन्छ । मह काढ्ने बहानामा मौरीको घार र मौरीसमेत ध्वस्त पारिदिने कार्य निन्दनीय हो । दलाल संसदीय प्रणालीमा चुनावको परिपाटी नै ठीक छैन । पैसाको प्रतिस्पर्धा गरी टिकट लिने र दिने काम गरिन्छ । त्यसरी अयोग्य उम्मेदवारहरूले चुनाव जित्छन् । पैसा नहुनेहरु पराजित हुन्छन् । यो परिपाटीको अन्त्य नगरेसम्म भ्रष्टाचार मौलाइरहन्छ । व्यापारजस्तो भएको चुनावको खर्च त उठाउनैपर्‍यो, येनकेन गरेर कमाउनैपर्‍यो ।

चुनावको समयमा मत माग्ने क्रममा चप्पल लगाई प्रत्येक नागरिकहरूको घरदैलोमा पुगी ढोग्नसमेत पछि नपर्नेहरूले देखाएका सपनाहरू कहाँ पुगे ? सत्ताले सम्पूर्ण कुराहरू बिर्साइदियो र भविष्यको समेत ख्याल गर्न पछि परे । उनीहरुको सुविधाले त यो विलासिता भ्याउँदैन, अन्य आयस्रोत कमाइ के छ ? प्रश्न यहाँनेर खडा भैरहेको छ । यतिले नभ्याएर अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरू सवार गर्ने क्रममा अघिपछि, ५-७ वटा सुरक्षा निकायका गाडीहरूमा बन्दुक तेर्स्याई हामी नागरिकहरूमाथि डर, त्रास देखाई हाम्रो मानवअधिकारको खिल्ली उडाई, ट्राफिक जाम गरी बाटो नै बन्द गरिन्छ । यसरी सुत्केरी, अति सिकिस्त बिरामी लिएर अस्पताल जाँदै गरेका एम्बुलेन्ससमेत घन्टौँ जाममा पर्छन् र समयमा उपचार हुन नसकी मृत्यु ग्रहण गर्न पुग्छन् । अनि के यही हो त शान्ति, सुरक्षा र अमनचैन तथा सुखी-समृद्ध नेपालको परिकल्पना ? भन्न के सकिन्छ र इन्दिरा गान्धीलाई आफ्नै अङ्गरक्षकले गोली हानेको थियो । यसरी त्रसित र भयभीत हुनुपर्ने कारण नै के छ र ? नागरिकहरू नेताका, नेताहरू नागरिकका । एउटै रथका दुई पाङ्ग्रा । अतः यसरी अनावश्यक रूपमा डर, त्रास देखाउनु शक्तिको दुरुपयोग गर्नु, चाहे जोसुकै होस् आफ्नो कार्यकाल समाप्त भएपछि त्यै गाउँठाउँमा आउनु पर्ला । त्यतिखेर न्याउरी मारी पछुतो नहोस् । पद, शक्ति र आर्थिक दुरुपयोग नगरियोस् । उपरोक्त विकृति र विसङ्गतिहरूको निराकरण हुनुको अलावा दिनप्रतिदिन उग्र रूप लिँदै गएकाले अब नेपाली नागरिकहरू विकल्पको खोजीमा लागिसकेका छन् । त्यो हो क्रान्तिको बाटो ।




## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५







निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ